# आर्थिक वर्ष २०८०/०८१ को बजेट वक्तव्य

बागमती प्रदेश सरकार
आर्थिक मामिला तथा योजना मन्त्रालय
हेटौंडा, मकवानपुर
२०८०

# प्रदेश सभाको मिति २०८० असार १ गते शुक्रवारको बैठकमा माननीय आर्थिक मामिला तथा योजना मन्त्री बहादुर सिंह लामा (तामाङ)ले प्रस्तुत गर्नु भएको आर्थिक वर्ष २०८०/८१ को बजेट वक्तव्य


बागमती प्रदेश सरकार

आर्थिक मामिला तथा योजना मन्त्रालय

हेटौंडा, नेपाल

२०८०

www.moeap.bagamati.gov.np

**माननीय सभामुख महोदय,**

१. नेपालको संविधानको धारा २०७ को व्यवस्था बमोजिम यस गरिमामय सभा समक्ष आर्थिक वर्ष २०८०/८१ को आय व्ययको अनुमान प्रस्तुत गर्न उपस्थित भएको छु।

२. यस अवसरमा संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनाका लागि प्राण आहूति गर्ने शहीद प्रति श्रद्धा सुमन अर्पण गर्दछु। साथै, आ-आफ्नो क्षेत्रबाट योगदान गर्नुहुने नेपाली दिदीबहिनी दाजुभाइहरूमा हार्दिक आभार प्रकट गर्दछु।

३. संघीय शासन व्यवस्थाको सुदृढीकरण र सन्तुलित आर्थिक विकासबाट मात्र नेपालको संविधानले परिकल्पना गरेको दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकांक्षा पूरा हुन सक्दछ। प्रदेश सरकारले स्थापनाको छोटो समयमै आर्थिक सामाजिक विकासमा उल्लेखनीय कार्य गरेको छ। प्रदेश सरकार आर्थिक समृद्धिको मार्ग पहिल्याउन हरसम्भव प्रयत्नशील रहँदै आएको छ।

४. समग्र मुलुकको अर्थतन्त्र संकुचित भएको साथै सेवा र उद्योग क्षेत्रका केही उपक्षेत्रहरूको वृद्धिदर ऋणात्मक भएकोले प्रदेशको आर्थिक वृद्धिदर न्यून रहन गएको छ। प्रदेशको राजस्व परिचालन न्यून भएको र पुँजीगत खर्चको प्रगति समेत सन्तोषजनक नरहेकोले हाम्रो सामु चुनौती देखा परेको छ। उल्लेखित चुनौतीको सम्बोधन गरी प्रदेशवासीको विकासको आकांक्षा पूरा गर्न बजेट केन्द्रित गरेको छु।

५. हाल देखापरेको आर्थिक चुनौतीको सामना सामूहिक प्रयासबाट गर्न सकिने हुँदा यस तर्फ आम प्रदेशवासीलाई म हार्दिक आह्वान गर्न चाहन्छु। आगामी आर्थिक वर्षको बजेट प्रदेशको सबलीकरण, सन्तुलित आर्थिक विकास र प्रदेशवासीको समुन्नतिको आधार निर्माणको कोशेढुङ्गाको रूपमा रहने विश्वास गरेको छु।

६. आगामी आर्थिक वर्षको बजेट तर्जुमा गर्दा नेपालको संविधान, नेपालको दीर्घकालीन विकास लक्ष्य, पन्ध्रौं आवधिक योजना, नेपाल सरकारको आर्थिक वर्ष २०८०/८१ को बजेट वक्तव्य, प्रदेश आवधिक योजना, प्रदेश सरकारको नीति तथा कार्यक्रम, विनियोजन विधेयक, २०८० को सिद्धान्त र प्राथमिकता तथा प्रदेश सभाका माननीय सदस्यहरूबाट प्राप्त सुझावलाई मार्गदर्शनको रूपमा लिएको छु। आम नागरिक, राजनीतिक दल, विद्धतवर्ग, नागरिक समाज, निजी क्षेत्र लगायत सरोकारवालाबाट प्राप्त सुझावलाई समेत आधार लिएको छु।

**माननीय सभामुख महोदय,**

७. म अब प्रदेशको आर्थिक अवस्था र चालु आर्थिक वर्षको बजेट कार्यान्वयन स्थिति संक्षिप्तमा राख्ने अनुमति चाहन्छु।

८. चालु आर्थिक वर्ष बागमती प्रदेशको कुल गार्हस्थ्य उत्पादन रु. १९ खर्ब ८१ अर्ब ३३ करोड रहने र आर्थिक वृद्धिदर १.८ प्रतिशत हुने अनुमान रहेको छ। मुलुकको कुल गार्हस्थ्य उत्पादनमा यस प्रदेशको योगदान ३६.८ प्रतिशत रहने अनुमान छ।

९. प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा सेवा क्षेत्रको योगदान सबैभन्दा बढी ७७.४ प्रतिशत रहेको छ। कृषि क्षेत्र र उद्योग क्षेत्रको योगदान क्रमशः ११.२ र ११.४ प्रतिशत रहेको छ।

१०. आर्थिक वर्ष २०७९/८० मा यस प्रदेशको प्रतिव्यक्ति कुल गार्हस्थ्य उत्पादन दुई हजार चार सय पचपन्न अमेरिकी डलर रहने अनुमान छ।

११. चालु आर्थिक वर्ष कुल विनियोजनको ७५.२८ प्रतिशत खर्च हुने अनुमान रहेको छ। कुल विनियोजन मध्ये चालु खर्च तर्फ ८३.२९ प्रतिशत, पुँजीगत खर्च तर्फ ७२.१८ प्रतिशत र वित्तीय व्यवस्था तर्फ ३० प्रतिशत खर्च हुने संशोधित अनुमान छ। चालु आर्थिक वर्ष प्रदेश सरकारको राजस्व लक्ष्यको तुलनामा ६१.३ प्रतिशत संकलन हुने अनुमान छ।

१२. प्रदेश सरकारको चालु आर्थिक वर्षको आर्थिक परिसूचक र तथ्याङ्क समावेश भएको आर्थिक सर्वेक्षण २०७९/८० सम्मानित प्रदेश सभा समक्ष मिति २०८० जेठ ३२ गते प्रस्तुत गरिसकेको छु।

**माननीय सभामुख महोदय,**

१३. अब म आर्थिक वर्ष २०८०/८१ को बजेटका उद्देश्य तथा प्राथमिकता प्रस्तुत गर्ने अनुमति चाहन्छु। बजेटका उद्देश्य देहाय बमोजिम रहेका छन्:

क) प्रदेशको सबलीकरण र संस्थागत सुदृढीकरण तथा सुशासन प्रवर्द्धन गर्ने,
ख) कृषि क्षेत्रको विकास मार्फत रोजगारी सिर्जना र गरिबी निवारण गर्ने,
ग) आर्थिक सामाजिक पूर्वाधारमा लगानी अभिवृद्धि गरी समाजवाद उन्मुख अर्थतन्त्रको जग मजबूत बनाउने,
घ) उत्पादन र उत्पादकत्व अभिवृद्धि गरी दिगो आर्थिक वृद्धि हासिल गर्ने,
ङ) प्राकृतिक स्रोतको संरक्षण र उपयोग गर्ने,
च) सरकारी खर्चमा मितव्ययीता अपनाउने, आर्थिक अनुशासन कायम गर्ने र विनियोजन कुशलता सुनिश्चित गर्ने ।

१४. बजेटका प्राथमिकता देहाय बमोजिम रहेका छन्:

क) प्रदेशको सबलीकरण र सार्वजनिक सेवा प्रवाहमा सुधार,
ख) भौतिक पूर्वाधार र सामाजिक क्षेत्रको विकास,
ग) कृषि क्षेत्रको रूपान्तरण र वन क्षेत्रको व्यवसायीकरण,

घ) पर्यटन प्रवर्द्धन,

ङ) औद्योगिक बिकास र निजी क्षेत्र प्रवर्द्धन,

च) वातावरण संरक्षण र विपद् व्यवस्थापन ।

**माननीय सभामुख महोदय,**

१५. म अब नेपालको संबिधानको धारा ६० मा व्यवस्था भए बमोजिम स्थानीय तहमा हुने वित्तीय हस्तान्तरण सम्बन्धी विवरण प्रस्तुत गर्ने अनुमति चाहन्छु।

१६. आगामी आर्थिक वर्ष राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिशका आधारमा बाँडफाँड हुने गरी स्थानीय तहलाई समानीकरण अनुदान तर्फ रु. एक अर्ब ६६ करोड २५ लाख हस्तान्तरण गर्ने व्यवस्था मिलाएको छु।

१७. प्रदेशबाट तोकिएका आयोजना तथा कार्यक्रम स्थानीय तहबाट सञ्चालन गर्ने गरी सशर्त अनुदान रु. दुई अर्ब ८२ करोड ४२ लाख विनियोजन गरेको छु।

१८. स्थानीय तहको पूर्वाधार सम्बन्धी आयोजना कार्यान्वयन गर्न समपूरक अनुदान रु. दुई अर्ब ३५ करोड सात लाख हस्तान्तरण हुने व्यवस्था मिलाएको छु। साथै, विशेष अनुदान तर्फ रु. ७३ करोड ७२ लाख प्रस्ताव गरेको छु।

१९. आगामी आर्थिक वर्ष प्रदेश सरकारले संकलन गर्ने सवारी साधन करको बाँडफाँडबाट प्रदेशका ११९ स्थानीय तहहरूलाई रु. चार अर्ब ८३ करोड रकम उपलब्ध हुने अनुमान गरेको छु।

**माननीय सभामुख महोदय,**

२०. अब म प्रदेशको आर्थिक अवस्था र सार्वजनिक वित्तमा रहेका चुनौती र अवसर राख्ने अनुमति चाहन्छु।

२१. चालु आर्थिक वर्ष प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा उच्च योगदान गर्ने क्षेत्रहरूको वृद्धिदर नकारात्मक हुन पुगेको कारण प्रदेशको आर्थिक वृद्धिदर न्यून हुन गएको छ। घर जग्गा कारोबार न्यून हुनु र सवारी साधनको आयात न्यून भएबाट प्रदेशको राजस्वको प्रमुख आधार घर जग्गा रजिष्ट्रेशन शुल्क र सवारी साधन करको संकलन अपेक्षित हुन सकेको छैन। मुलुकको अर्थतन्त्र पूर्ण रूपमा लयमा नफर्किंदासम्म यी क्षेत्रहरूबाट संकलन हुने राजस्वको अनुमान न्यून हुने देखिन्छ।

२२. नेपाल सरकारबाट आगामी आर्थिक वर्षका लागि यस प्रदेशलाई वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँडबाट चालु आर्थिक वर्षको तुलनामा न्यून रकम प्राप्त हुने अनुमान छ। उल्लेखित कारणहरूबाट प्रदेशको आगामी वर्षको बजेटको आकार चालु बर्षको तुलनामा केही संकुचित

गर्नुपर्ने बाध्यात्मक अवस्था सिर्जना भएको छ। तथापि उपलब्ध स्रोत र साधनलाई प्राथमिकीकरण गरी प्रदेशको सबलीकरण तथा आर्थिक सामाजिक विकासको गतिलाई तीब्रता दिने दिशामा यो बजेट केन्द्रित गरेको छु।

२३. पुँजीगत खर्चमा प्रगति न्यून हुने, चालु खर्च वृद्धिदर अपेक्षाकृत उच्च हुने, टुक्रे प्रकृतिका कार्यक्रमहरूको संख्या अधिक हुने, सामाजिक आर्थिक रूपमा प्रतिफल न्यून हुने खालका कार्यक्रम र आयोजनामा रकम अत्याधिक विनियोजन हुंने, तोकिएको समयभित्र आयोजनाहरू सम्पन्न हुन नसक्ने जस्ता प्रवृत्तिको विद्यमानता रहेको छ। सार्वजनिक वित्त सन्तुलन र विनियोजन कुशलता सुनिश्चत गर्नु अपरिहार्य भएको छ।

२४. बढ्दो खर्च अनुरूप स्रोत परिचालन गर्ने, सीमित स्रोत र साधनलाई प्राथमिकीकरण गरी उत्पादनशील र प्रतिफलमुखी क्षेत्रमा विनियोजन गर्ने, प्रदेशको अनुदानलाई उत्पादनमा आधारित बनाउने, फजुल र अनुत्पादक खर्च नियन्त्रण गर्ने, प्रदेशको आयमा आन्तरिक आयको हिस्सा बढाउँदै जाने जस्ता चुनौतीहरू प्रदेश सरकार सामु विद्यमान छन्।

२५. प्रस्तुत बजेटलाई प्रदेशको सार्वजनिक वित्तमा सुधार र आर्थिक अनुशासनको प्रस्थान विन्दूको रूपमा लिएको छु। चालु खर्चलाई कटौती गरी मितव्ययीता कायम गर्न केही प्रस्तावहरू गरेको छु। प्रदेश सरकारका कार्यालयहरूको प्रशासकीय भवन बाहेक अन्य भवन निर्माण गर्ने कार्यलाई निरूत्साहित गरिनेछ। प्रदेश सरकारको खर्चमा वैदेशिक भ्रमण, अध्ययन र अवलोकन भ्रमण जस्ता कार्यक्रमहरू सञ्चालन गरिने छैन। विभिन्न निकायहरूबाट मापदण्ड, कार्यविधि, निर्देशिकामा व्यवस्था गरी प्रदान गरिएको अतिरिक्त भत्ता, प्रोत्साहन भत्ता र विशेष भत्ताहरू खारेज गरिएको छ।

२६. आगामी वर्ष प्रदेश सरकारको थप दरबन्दी र संगठन सिर्जना गरिने छैन। आगामी आर्थिक वर्ष सवारी साधन खरिद गर्ने कार्यलाई निरूत्साहित गरिनेछ। मन्त्रालय मातहतका निर्देशनालयहरू, दुग्ध विकास बोर्ड र सहकारी विकास बोर्डको पुनर्संरचना गरिनेछ। प्रदेश खेलकुद विकास परिषद् र प्रदेश युवा परिषद्लाई एकीकृत गरी प्रदेश युवा तथा खेलकुद परिषद् स्थापना गर्न आवश्यक कानूनी व्यवस्था गरिनेछ।

२७. पुँजीगत खर्चको प्रगति सुनिश्चित गर्न आगामी आर्थिक वर्षदेखि बजेट खर्च र प्रतिवेदन त्रैमासिक रूपमा गर्ने प्रणाली लागू गरिनेछ। आर्थिक वर्षको पहिलो त्रैमास भित्र ठेक्का व्यवस्थापनको कार्य शुरू गरिसक्नुपर्ने अनिवार्य व्यवस्था गरिनेछ। दोस्रो त्रैमास भित्र ठेक्का प्रक्रिया शुरू नभएका आयोजना तथा कार्यक्रम स्वतः समर्पण हुने व्यवस्था गरिनेछ। आगामी आर्थिक वर्ष भ्यूटावर र सडकमार्गमा प्रवेशद्वार जस्ता संरचना निर्माण गरिने छैन।

२८. स्रोत सहमति लिई आयोजना लामो समयसम्म पनि सम्पन्न नगर्ने प्रवृत्ति अन्त्य गर्न बहुवर्षीय स्रोत सहमति दिइएका आयोजना सहमति प्राप्त मितिले तीन महिनाभित्र ठेक्का प्रक्रिया शुरू गरिसक्नुपर्ने अन्यथा उक्त स्रोत सहमति स्वतः खारेज हुने व्यवस्था मिलाइनेछ। प्रदेश गौरवका आयोजना छनौटलाई वस्तुपरक बनाउन प्रदेश गौरवका आयोजना छनौट मापदण्ड तर्जुमा गरिनेछ। यस्ता आयोजना र ठूला आयोजनाहरूको अनुगमन र मूल्याङ्कन मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट नियमित रूपमा गर्ने व्यवस्था मिलाएको छु। निर्माण कार्य प्रारम्भ भएको लामो समयदेखि अधुरो रहेका आयोजनाहरूको लगत निकाली कार्यान्वयन शुरू भएको ६ वर्ष पुगेका आयोजनाहरू आगामी वर्ष सम्पन्न नभएमा खारेज गरिनेछ।

**माननीय सभामुख महोदय,**

२९. बागमती प्रदेश मुलुकको कुल गार्हस्थ्य उत्पादनको उल्लेख्य हिस्सा ओगट्ने प्रदेश भएकोले आर्थिक रूपमा समेत महत्वपूर्ण प्रदेशको रूपमा रहेको छ। राष्ट्रिय अर्थतन्त्र विस्तार सँगसँगै प्रदेशको आय परिचालन बढ्दै जाने र स्रोत परिचालनमा सहज अवस्था कायम हुने अपेक्षा गरेको छु। प्रदेशको कुल आयमा आन्तरिक आयको हिस्सा न्यून रहेको भएतापनि आन्तरिक स्रोत परिचालनका आधारहरू विद्यमान रहेका छन्।

३०. प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा सेवा क्षेत्रको उच्च योगदान रहेकोले सेवा क्षेत्र सम्बद्ध राजस्व परिचालनको अवसर प्रदेशमा रहेको छ। शहरीकरणको विस्तार सँगै सवारी साधन कर, घरजग्गा रजिष्ट्रेशन शुल्क संकलनको दायरा विस्तार हुँदै गएको छ। वित्तीय संघीयताको अभ्यासबाट राजस्व र कर बाँडफाँड थप प्रभावकारी हुँदै आएको छ।

३१. मुलुकमा भौतिक पूर्वाधार विकासको गति पुनर्स्थापित हुँदै जाँदा ढुङ्गा, गिट्टी, बालुवा दहत्तर बहत्तर जस्ता प्राकृतिक स्रोतको माग बढ्ने र त्यसमा आधारित राजस्व संकलन वृद्धि हुने सम्भावना रहेको छ। प्रदेशको भौगोलिक अवस्थिति र स्थानीय तहसँग प्राकृतिक स्रोतको उपयोगमा विकास भएको सहकार्य र समन्वयले उक्त सम्भावनालाई थप मजबूत बनाएको छ।

३२. प्रदेशको महत्वपूर्ण स्रोतको रुपमा रहेको वनजन्य उत्पादनको उपयोगमा आधारित आय परिचालनको लागि संस्थागत प्रबन्ध सुदृढ बनेको छ। समग्रमा प्रदेशलाई आर्थिक रूपमा समृद्ध र सबल प्रदेशको रूपमा स्थापित गर्दै जान स्रोत र साधनको उपलब्धता रहेको तथ्य म यस सम्मानित सभामा राख्न चाहन्छु।

**माननीय सभामुख महोदय,**

३३. अब म आगामी आर्थिक वर्षको लागि क्षेत्रगत कार्यक्रम र विनियोजनको प्रस्ताव प्रस्तुत गर्ने अनुमति चाहन्छु।

## कृषि तथा पशुपन्छी विकास

३४. प्रदेशको कृषि उत्पादनलाई प्राथमिकीकरण गर्दै बाली वस्तुको विशिष्टीकृत क्षेत्र निर्धारण गरी कृषिको व्यावसायिकीकरण मार्फत प्रदेशलाई प्रमुख कृषि उपजहरूमा क्रमशः आत्मनिर्भर बनाउँदै लैजान आवश्यक कार्यक्रमहरू सञ्चालन गरिनेछ।

३५. प्रदेशभित्र सम्भाव्य स्थानमा कृषि उत्पादन वृद्धि गर्न वडास्तरीय सामूहिक कृषि उत्पादन केन्द्र स्थापना गरी खास क्षेत्र खास उत्पादन कार्यक्रम सञ्चालन गरिनेछ। सो को लागि रु. १४ करोड विनियोजन गरेको छु।

३६. कृषि तथा पशुपालन सम्बन्धी ज्ञान र सीप प्रसार गर्न खाद्यान्न, नगदेबाली, फलफूल, माछा, मासु, अण्डा, दूध, च्याउ, मह जस्ता कृषि उपजहरूको उत्पादन कार्यमा संलग्न अगुवा कृषक व्यवसायी/समूह/सहकारीलाई सिकाई केन्द्रको रूपमा विकास गर्न एग्रि ईपिसेन्टरको अवधारणा कार्यन्वयन गरिनेछ ।

३७. कृषि पेशामा निरन्तर लागिरहेका किसानहरूको आत्मसम्मान र पहिचानका लागि व्यवसायिकताको आधारमा किसान परिचय पत्र वितरण गर्ने व्यवस्था मिलाएको छु ।

३८. कृषि व्यवसाय सञ्चालनको लागि बाली वस्तुहरूको उत्पादन, प्रशोधन र बजारीकरणमा चालु आर्थिक वर्षदेखि शुरू गरिएको किस्ताबन्दीमा निर्ब्याजी बीउपुँजी प्रदान गर्ने कार्यक्रमलाई थप प्रभावकारी ढङ्गवाट सञ्चालन गर्न रु. १३ करोड ५६ लाख विनियोजन गरेको छु।

३९. दुग्ध व्यवसायमा संलग्न किसान लक्षित दूध उत्पादनमा आधारित प्रोत्साहन कार्यक्रमको निरन्तरताको लागि आवश्यक बजेट व्यवस्था गरेको छु। साथै, प्रदेश भित्र दूध उत्पादन वृद्धि गर्न कम्तिमा १० वटा दूधजोन घोषणा गरिनेछ ।

४०. पशु स्वास्थ्य तथा क्लिनिकल सेवालाई सहज बनाउन स्थानीय तहसँगको समन्वयमा "**एक वडा एक पशु स्वास्थ्य क्लिनिक**" कार्यक्रमलाई विस्तार गर्दै लगिनेछ।

४१. माटोको गुणस्तर सुधार मार्फत कृषि उत्पादन र उत्पादकत्व वृद्धि गर्न कृषकहरूलाई प्राङ्गारिक मल र गड्यौला मलको प्रयोगमा उत्प्रेरित गर्न प्रति के.जी. रु. १० को दरले सहुलियत प्रदान गर्ने व्यवस्था मिलाएको छु। साथै, आगामी वर्ष स्थानीय तह र निजी क्षेत्रसँगको साझेदारीमा

एक प्रदेश निर्वाचन क्षेत्र एक प्राङ्गारिक मल कारखाना स्थापनाको लागि रु. ५ करोड विनियोजन गरेको छु।

४२. प्रविधि र पूर्वाधार मार्फत कृषि क्षेत्रको रूपान्तरणको लागि आगामी आर्थिक वर्षलाई कृषि पूर्वाधार र प्रविधि लगानी वर्षको रूपमा मनाइनेछ।

४३. बागमती प्रदेशमा व्यावसायिक रूपमा फलफूल उत्पादन गर्न कम्तिमा ५ वटा सामुदायिक बागवानी केन्द्र स्थापनाको लागि आवश्यक बजेट छुट्याएको छु । प्रदेश भित्र केरा खेती प्रवर्द्धन गर्न व्यवसायिक रूपमा जग्गा भाडामा लिई केरा खेती गर्दै आइरहेका किसानहरूलाई प्रति हेक्टर रु. २० हजारका दरले प्रोत्साहन रकम उपलब्ध गराउने व्यवस्था मिलाएको छु।

४४. जिल्लागत रूपमा सम्भाव्य फलफूल, तरकारी, चिया, कफी, अलैची तथा खाद्यान्न बाली एवं पशुपन्छी तथा मत्स्य क्षेत्रको उत्पादन र उत्पादकत्व वृद्धि गर्न उत्पादन प्रवर्द्धन कार्यक्रमलाई निरन्तरता दिएको छु।

४५. खाद्य प्रणाली रूपान्तरणको लागि जीविकोपार्जन सुधार कार्यक्रम अन्तर्गत कृषि व्यवसायको प्रवर्द्धन गरी गरिब, विपन्न किसानको आयआर्जन वृद्धि गर्न आवश्यक रकम विनियोजन गरेको छु।

४६. प्रदेशलाई बीउ बिजनमा आत्मनिर्भर बनाउन चालु आर्थिक वर्षदेखि शुरूवात गरिएको बीउबिजन आत्मनिर्भर कार्यक्रमलाई थप विस्तार गर्दै लगिनेछ।

४७. प्रदेशमा उत्पादित प्रमुख कृषि उपजहरूको न्यूनतम समर्थन मूल्य तोक्ने व्यवस्था मिलाएको छु। उच्च प्रविधियुक्त संरक्षित संरचनामा च्याउ उत्पादन तथा सहकारीद्वारा सञ्चालित शीतभण्डारमा खपत हुने विद्युत महशुलमा ५० प्रतिशत रकम छुट दिने व्यवस्था मिलाएको छु।

४८. विपद्बाट कृषि, पशुपन्छी तथा मत्स्य क्षेत्रमा क्षति पुग्न गई त्यसबाट प्रभावित भएका किसानहरूलाई राहत उपलब्ध गराई व्यवसायको पुनर्स्थापना सम्बन्धी कार्यको लागि आवश्यक रकम विनियोजन गरेको छु।

४९. केही वर्ष यता अफ्रिकन स्वाइन फिभर रोगको संक्रमणबाट धरासायी भएको बंगुरपालन व्यवसायलाई पुनर्स्थापना गर्न उन्नत नश्लका पाठापाठी आयात गर्दा लाग्ने हवाई भाडामा छुट दिने व्यवस्था मिलाएको छु। उन्नत नश्लका पशुको मागलाई परिपूर्ति गर्न पशु स्रोत केन्द्र विकास कार्यक्रमको लागि आवश्यक बजेट छुट्याएको छु ।

५०. प्रदेशको सान, मौलिक कृषि हाम्रो पहिचान भन्ने अभियानका साथ प्रदेशमा रहेका रैथाने जातका बालीको प्रवर्द्धन गर्न आवश्यक बजेट व्यवस्था गरेको छु।

५१. उच्च मूल्यका कृषि बाली वस्तुहरूको उत्पादनदेखि उपभोगसम्मका प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालन गरी साना तथा मझौला कृषकहरूको आयआर्जन वृद्धि गर्न मूल्य श्रृङ्खला प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालन गरिनेछ। प्रदेशमा उत्पादित कृषिजन्य बाली वस्तुको भण्डारण, बजारीकरण तथा उत्पादन उपरान्त हुने क्षति न्यूनीकरण गर्न कोल्ड चेम्बर, हर्मेटिक भण्डारण लगायतका पूर्वाधार निर्माण गर्दै लगिनेछ। कृषि क्षेत्र सम्बद्ध भौतिक पूर्वाधार निर्माणका लागि रु. ४३ करोड १५ लाख विनियोजन गरेको छु।

५२. खेतीयोग्य जमिनको चक्लाबन्दी गरी सामुहिक खेती तथा बाँझो जमिनमा करार खेती कार्यक्रमको लागि आवश्यक बजेट छुट्याएको छु ।

५३. माछापालन व्यवसायलाई व्यवस्थित र विस्तार गर्दै मत्स्य क्षेत्रको उत्पादन र उत्पादकत्व वृद्धि गर्न आवश्यक बजेटको व्यवस्था गरेको छु ।

५४. कृषि उपजको प्रभावकारी बिक्री वितरण गरी उपभोक्ताले तिर्ने मूल्य र कृषकले पाउने मूल्यबीचको अन्तर न्यून गर्न प्रदेश सरकार मातहत सञ्चालन हुने गरी काठमाडौं उपत्यकाभित्र एक आधुनिक कृषि बजार स्थापना कार्य आगामी वर्ष प्रारम्भ गर्न आवश्यक बजेट छुट्याएको छु ।

५५. प्रदेशभित्र रहेका मालपोत तथा नापी कार्यालयहरूको संस्थागत सुदृढीकरण तथा श्रेस्ता व्यवस्थापन गर्न रु. पाँच करोड ३२ लाख रकम छुट्याएको छु ।

५६. कृषि तथा पशुपन्छी विकास मन्त्रालयको लागि रु. ३ अर्ब ३८ करोड विनियोजन गरेको छु।

**पर्यटन, उद्योग तथा सहकारी**

५७. पर्यटन क्षेत्रलाई विशेष आर्थिक क्षेत्रको रूपमा विकास गर्दै लगिनेछ। औद्योगिक विकासमा निजी क्षेत्रसँगको सहकार्य र समन्वयलाई थप प्रभावकारी बनाइनेछ। सहकारी क्षेत्रलाई प्रदेश भित्र वित्तीय स्रोत परिचालन र उद्यमशीलता विकासको आधारको रूपमा विकास गरिनेछ। पर्यटन, उद्योग तथा सहकारी प्रशासनलाई सेवाग्राही र प्रविधिमैत्री बनाउन अनलाइन सफ्टवेयर, एप्स लगायत डिजिटल प्लेटफर्म विकासका लागि आवश्यक रकम विनियोजन गरेको छु।

५८. आम उपभोक्ताको गुणस्तरीय वस्तुको उपभोग गर्ने हक सुनिश्चित गर्न संघीय सरकार र स्थानीय तहसँगको सहकार्यमा बजार अनुगमन र उपभोक्ता सचेतना कार्यक्रमहरू सञ्चालन गर्ने व्यवस्था मिलाइएको छ। प्रदेशस्तरीय गुणस्तर परीक्षण प्रयोगशाला स्थापना गर्न रु. १ करोड छुट्याएको छु।

५९. प्रदेशभित्रका जातजातिको मातृभाषा, कला, साहित्य र संस्कृतिको संरक्षण र सम्बर्द्धनलाई उच्च प्राथमिकतामा राखेको छु। आगामी आर्थिक वर्षदेखि तामाङ र नेपाल भाषालाई सरकारी

कामकाजको भाषाको रूपमा प्रचलनमा ल्याइनेछ। संस्कृत भाषालाई प्रोत्साहन गरिनेछ। धार्मिक, सांस्कृतिक, जातजाति र ऐतिहासिक संग्रालयहरू निर्माण गर्दै लगिनेछ।

६०. धार्मिक र साँस्कृतिक क्षेत्रहरूमा रहेका सम्पदाहरूको अन्वेषण, अनुसन्धान, संरक्षण र सम्बर्द्धन गरी बागमती प्रदेशको धार्मिक, सांस्कृतिक, पुरातात्विक महत्वको प्रचार प्रसार गरी पर्यटन प्रबर्द्धन गर्न कार्यक्रमहरू सञ्चालन गरिनेछ। धार्मिक, सांस्कृतिक, ऐतिहासिक जात्रा, मेला, पर्व नाँच, महोत्सव जस्ता अमूर्त सम्पदाहरूको संरक्षण र पुनर्स्थापना गर्न आवश्यक बजेट विनियोजन गरेको छु।

६१. पर्यटकहरूको बसाइ अवधि लम्ब्याउन होमस्टेको प्रवर्द्धन तथा पर्यटकीय पूर्वाधार र सेवा सुविधा विस्तार गर्ने नीति लिएको छु। सिन्धुपाल्चोक जिल्लाको हेलम्बुमा ग्रेट ट्रेल, नुवाकोट जिल्लाको विदुरमा जलविहारको लागि पूर्वाधार निर्माण कार्य आगामी आर्थिक वर्ष प्रारम्भ गरिनेछ। बागमती प्रदेशको धार्मिक, साँस्कृतिक पर्यापर्यटन तथा ग्रामीण पर्यटनको प्रवर्द्धन एवं विकासका लागि सन् २०२४ लाई बागमती प्रदेश भ्रमण वर्षको रूपमा मनाउने व्यवस्था मिलाएको छु।

६२. विकास र पहिचान हुन बाँकी प्रदेश भित्रका महत्वपूर्ण ऐतिहासिक, धार्मिक एवम् पर्यटकीय क्षेत्रहरूलाई प्रदेशस्तरीय प्रमुख पर्यटकीय गन्तव्य स्थलको रूपमा विकास गर्दै लगिनेछ। आगामी आर्थिक वर्ष नुवाकोटको नौकोट, साततले दरवार, भैरबी मन्दिर, जाल्पा मन्दिर, चिम्टेश्वरी, दुप्चेश्वर मन्दिर, उत्तरगया धाम, ककनी, रसुवाको गोसाईकुण्ड, लाङ्टाङ हिमाल क्षेत्र, गणेश हिमाल क्षेत्रलाई पर्यटकीय गन्तव्य स्थलको रूपमा विकास गर्न कार्यक्रम संचालन गरिनेछ। काभ्रेको नमोबुद्ध चैत्य परिसरलाई विश्व सम्पदा सूचीमा सूचिकृत गर्न पहल गरिनेछ। सिन्धुपाल्चोकको पाँचपोखरी, दोलखाको भिमेश्वर, कालिन्चोक, जिरी, ललितपुरको सन्तानेश्वर मन्दिर, लाकुरीभञ्ज्याङ, गोल्डेन टेम्पल, काठमाडौंको शालीनदी, सिन्धुलीको सिन्धुलीगढी, भक्तपुरको नगरकोट, मकवानपुरको मकवानपुरगढी क्षेत्र, चितवनको इच्छाकामना मन्दिर क्षेत्र र धादिङको त्रिपुरासुन्दरीलाई विशेष पर्यटकीय क्षेत्रको रूपमा विकास गर्दै लगिनेछ।

६३. संवैधानिक प्रावधान बमोजिम औद्योगिक क्षेत्रहरूको व्यवस्थापन एंव सञ्चालन प्रदेशबाट गर्ने व्यवस्था मिलाउन संघीय सरकारसँग समन्वय गरिनेछ। प्रदेशभित्र सञ्चालित उद्योगहरूलाई प्रोत्साहन गर्न प्रविधि हस्तान्तरण, सीप विकास एवं कार्यस्थलमा तालिम प्राप्त उद्यमशिलता प्रवर्द्धनमा जोड दिइनेछ। उद्योग स्थापनाका लागि प्रोत्साहन गर्ने नीति लिइएको छ।

६४. उद्यमी व्यवसायीहरूलाई प्रोत्साहन गर्न लगानीमैत्री वातावरण तयार गरी निर्यातजन्य उत्पादन अभिवृद्धि गर्न उनीहरूको सीप संरक्षण गर्न पचास प्रतिशतको लागत साझेदारीमा प्रविधि

हस्तान्तरण कार्यक्रम सञ्चालन गर्न रु. ५ करोड ९५ लाख रकम विनियोजन गरेको छु। प्रदेशभित्र उद्यमशीलता विकास, उत्पादकत्व वृद्धि तथा प्रवर्द्धन सम्बन्धी विषयमा अध्ययन अनुसन्धान र नवप्रवर्तनका लागि आवश्यक बजेट व्यवस्था गरेको छु।

६५. काठमाडौं उपत्यका लगायतका सम्भाव्य स्थानमा हस्तकला ग्राम निर्माण गरी काष्ठ कला, प्रस्तर कला जस्ता मौलिक पहिचानलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा स्थापित गरिनेछ। उद्यमशीलता प्रवर्द्धन गर्न नवप्रवर्तन उद्यमी सम्मेलन तथा औद्योगिक प्रदर्शनी/मेला जस्ता कार्यक्रमहरू सञ्चालन गर्न रकम छुट्याएको छु।

६६. पुरातात्विक एवं मौलिक, धार्मिक साँस्कृतिक लगायतका सम्पदा तथा गुठीहरू र सामुदायिक संस्थाहरूको संरक्षण सम्वर्द्धन र अभिलेखीकरण गर्ने कार्यलाई निरन्तरता दिइनेछ। प्रदेशभित्रका लोपोन्मुख तथा सिमान्तकृत जाति समुदायको भाषा साहित्यिक लोकोक्तिलाई लिपिबद्ध, अध्ययन अनुसन्धान एवं विकासका लागि सम्बद्ध संघ संस्थाहरूसँग समन्वय र सहकार्य गरिनेछ। प्रदेशका विभिन्न सांस्कृतिक सम्पदाहरू संरक्षण र प्रवर्द्धन गर्न र प्रदेश पर्यटन गुरूयोजना तयार गर्न आवश्यक रकम विनियोजन गरेको छु।

६७. प्रदेशको क्षेत्राधिकारमा अन्तर्गतका सहकारीको नियमन र अनुगमनलाई थप प्रभावकारी बनाउँन सहकारी रजिष्ट्रारको कार्यालय स्थापना गरिनेछ।

६८. पर्यटन, उद्योग तथा सहकारी मन्त्रालयका लागि रु दुई अर्ब १६ करोड विनियोजन गरेको छु।

**वन तथा वातावरण संरक्षण**

६९. वन क्षेत्रलाई प्रदेशको महत्वपूर्ण आर्थिक क्षेत्रको रूपमा स्थापित गरिनेछ। वन, जैविक विविधता तथा जलाधार क्षेत्रको दिगो व्यवस्थापनबाट वातावरणीय सन्तुलन एवम् दिगो विकास हासिल गर्न काष्ठजन्य, गैरकाष्ठजन्य तथा पर्यापर्यटकीय उद्योगको विकास र जैविक विविधताको संरक्षण गरी रोजगारी तथा आय आर्जनका क्रियाकलापहरू मार्फत जनताको जीवनस्तरमा गुणात्मक परिवर्तन गर्न सहयोग पुऱ्याउने लक्षित कार्यक्रमहरू सञ्चालन गरिनेछ। "**एक वन समूह, एक उद्योग**" भन्ने सोचको व्यवहारिक कार्यन्वयन गर्दै लगिनेछ।

७०. वन सम्वर्द्धन प्रणालीमा आधारित दिगो वन व्यवस्थापनका कार्यक्रमहरू कार्यान्वयन मार्फत वन क्षेत्रमा रहेका लडापडा, सुखडखडा र प्राविधिक रूपमा कटानयोग्य रूखहरूको कटानी गरी वन पैदावारको उत्पादनमा वृद्धि गरी स्थानीय, प्रदेश र राष्ट्रिय अर्थतन्त्रमा रोजगारी सिर्जना र आयआर्जन अभिवृद्धि मार्फत योगदान गर्ने क्रियाकलापहरू सञ्चालन गरिनेछ।

७१. **"पारिस्थितिकीय प्रणालीको पुनर्स्थापना, स्वस्थ्य वातावरण हाम्रो चाहना"** भन्ने नारालाई साकार पार्न नाङ्गा डाँडा, पाखा, पर्ति चौर, नदी उकास जमिन, सुख्खा भूभाग जस्ता क्षेत्रहरूमा बाँस

लगायतका अन्य बहुमूल्य प्रजातिको सघन वृक्षारोपण कार्यक्रम सञ्चालन गरिनेछ । साथै, भत्किएका वन्य पारिस्थितिकीय प्रणालीको पुनरोत्थानका लागि क्षतिग्रस्त वन क्षेत्रको पुनर्सुधार क्रियाकलापहरू सञ्चालन गर्न आवश्यक रकम छुट्टयाएको छु। यस कार्यका लागि रु. १५ करोड २३ लाख विनियोजन गरेको छु।

७२. बागमती प्रदेशभित्रका शहरी क्षेत्र भएर बग्ने विभिन्न खोलाहरू अत्यन्त प्रदूषित बन्दै गएकोले **"स्वच्छ पानी खोलामा, फोहोर आफ्नै झोलामा"** भन्ने नाराका साथ काठमाडौं उपत्यका लगायत प्रदेशभित्रका अन्य प्रदूषित खोलाहरूमा नमूनाको रूपमा व्यापक सरसफाई कार्यक्रम अभियान सञ्चालन गर्न बजेट व्यवस्था गरेको छु।

७३. प्लाष्टिकजन्य पदार्थहरूबाट शहरी क्षेत्र, राजमार्गका छेउछाउ, ऐतिहासिक, धार्मिक, पुरातात्विक तथा पर्यटकीय क्षेत्रहरूमा प्रदूषण बढ्दै गएकोले सोको नियन्त्रणका लागि स्थानीय तह र नागरिक समाजसँगको समन्वय र सहकार्यमा सरसफाई जनजागरण कार्यक्रम सञ्चालन गरिनेछ।

७४. स्थानीय तह र वन उपभोक्ता समितिसँगको साझेदारीमा जडीबुटी संकलन, प्रशोधन र प्रवर्द्धन सम्बन्धी क्रियाकलापहरूलाई आयआर्जन र रोजगारी सिर्जनाको महत्वपूर्ण क्षेत्रको रूपमा विकास गर्दै लगिनेछ।

७५. एकीकृत जलाधार व्यवस्थापनको मर्मलाई आत्मसात गरी मेलम्ची लगायतका सम्वेदनशील जलाधार क्षेत्रमा संरक्षण कार्यक्रमहरू सञ्चालन गर्न आवश्यक बजेट छुट्टयाएको छु। गल्छि पहिरो नियन्त्रण र जलाधार संरक्षण तर्फ रु. ४४ करोड विनियोजन गरेको छु।

७६. **"स्वच्छ शहरका लागि सामुदायिक पहल"** भन्ने नारासहित स्थानीय तथा संघीय सरकार र स्थानीय संघ/संस्थाहरूको समन्वय र सहकार्यमा काठमाडौं उपत्यका, भरतपुर महानगरपालिका, हेटौंडा उपमहानगरपालिका लगायतका प्रमुख शहरी क्षेत्रमा हरियाली प्रबर्द्धन, फोहोरमैला व्यवस्थापन तथा बाल, युवा एवम् ज्येष्ठ नागरिकमैत्री उद्यान निर्माण र व्यवस्थापन गरिनेछ। गणेशमान सिंह शहरी वन तथा स्वच्छ वातावरण कार्यक्रम सञ्चालनका लागि रकम छुट्याएको छु।

७७. वन डढेलो, वन अतिक्रमण, चोरी कटानी र वन्यजन्तुको अवैध शिकारजस्ता जैविक विविधता उपरका जोखिमहरूको नियन्त्रण, न्यूनीकरण र सुपरीवेक्षण गरी पारिस्थितीकीय प्रणालीको जगेर्ना गर्ने क्रियाकलापहरू सञ्चालनका लागि आवश्यक वजेटको व्यवस्था गरेको छु।

७८. जलवायु परिवर्तनका नकारात्मक असरहरूबाट बच्नको लागि कार्बन प्रशोचन, जलवायु उत्थानशीलता तथा अनुकूलनका कार्यक्रमहरू कार्यान्वयन गरिनेछ।

७९. मानववन्यजन्तु द्वन्द्वको न्यूनीकरण गर्न प्रवर्धनात्मक, उपचारात्मक र निरोधात्मक कार्यक्रम सञ्चालन गरिनेछ। विभिन्न वन्यजन्तुबाट कृषिबालीमा हुने क्षति न्यूनीकरण सम्बन्धी कार्यक्रमहरू सञ्चालन गर्न रकम छुट्याएको छु।

८०. वन तथा वातावरण मन्त्रालयका लागि रु तीन अर्ब तीन करोड विनियोजन गरेको छु।

## श्रम, रोजगार तथा यातायात

८१. सार्वजनिक यातायात क्षेत्रको सुधार गरी सार्वजनिक यातायात सेवालाई समयवद्ध, यात्रुमैत्री र भरपर्दो सेवाको रूपमा स्थापित गरिनेछ। विद्युतीय सवारी साधनको उपयोग प्रवर्द्धन गर्ने नीति लिइनेछ। स्थानीय तह र निजी क्षेत्रसँगको साझेदारीमा प्रदेशका मुख्य शहरहरूमा र राजमार्गहरूमा विद्युतीय सवारी साधनका लागि चार्जिङ्ग स्टेशन सहितको एकीकृत स्मार्ट रिफ्रेस एण्ड ट्रान्सफर सेन्टर स्थापना गरी सञ्चालनमा ल्याइनेछ। पेट्रोलियम इन्धनबाट सञ्चालन हुने सवारी साधनलाई विद्युतीय साधनमा रूपान्तरण गर्ने कार्यलाई प्रोत्साहन गरिनेछ।

८२. सवारी चालक अनुमतिपत्रको परीक्षालाई थप व्यवस्थित बनाउँन ट्रायल सेन्टरहरूमा क्रमशः स्वचालित प्रणाली जडान गर्दै लगिनेछ। यातायात कार्यालयका अभिलेखहरूलाई डिजिटाइजेशन गरी व्यवस्थित गर्न आवश्यक बजेट छुट्याएको छु। सवारी प्रदूषण मापनका लागि स्वचालित प्रविधि स्थापना गर्न संघीय सरकारसँग सहकार्य गरिनेछ।

८३. संघीय सरकारसँगको सहकार्य र समन्वयमा सवारी चालक अनुमतिपत्रको स्मार्ट कार्ड छपाई तथा वितरण प्रदेशबाटै हुने व्यवस्था मिलाइनेछ। सवारी चालक अनुमति पत्र छपाई तथा मेसिन खरिद गर्न आवश्यक रकम विनियोजन गरेको छु।

८४. सवारी दुर्घटना न्यूनीकरणका लागि सडक पूर्वाधारको विकास गर्नुका साथै चालक तथा यात्रुका लागि सचेतनामूलक अभियान सञ्चालन गरिनेछ । सार्वजनिक यातायात क्षेत्रमा दुर्घटना न्यूनीकरण गर्न अनुशिक्षण र अभिमुखीकरण कार्यक्रमको लागि बजेट व्यवस्था गरेको छु।

८५. सवारी साधनको गुणस्तरीय मर्मत सम्भारको लागि निजी क्षेत्र सँगको साझेदारीमा प्रदेश राजधानी हेटौंडा र काठमाडौं उपत्यकामा नमुना स्पेसल टुल्स बैंक स्थापना गर्ने नीति लिइनेछ।

८६. सार्वजनिक यातायातलाई थप सुरक्षित र मर्यादित बनाउन श्रमिकहरूको सकारात्मक व्यवहार परिवर्तनको लागि कार्यक्रम सञ्चालन गरिनेछ। सार्वजनिक यातायातमा महिलाहरूको रोजगारीलाई प्रवर्द्धन गर्न महिला सवारी चालक उत्पादनको लागि ड्राईभिङ्ग तालिम सञ्चालन गर्न आवश्यक रकम विनियोजन गरेको छु।

८७. स्थानीय तहसँगको समन्वय र साझेदारीमा वैदेशिक रोजगारीबाट फर्केका श्रमिकहरूको ज्ञान, सीप र क्षमतालाई उपयोग गर्दै उत्पादनको बजारीकरण गर्ने कार्यक्रम सञ्चालन गरिनेछ।

स्थानीय तहसँगको समन्वयमा वैदेशिक रोजगारीमा समस्यामा परी फर्केका श्रमिकहरूको पुनःस्थापना गर्ने कार्यक्रम कार्यान्वयन गर्न रकमको व्यवस्था गरेको छु। आगामी आर्थिक वर्ष प्रदेश श्रम तथा रोजगार नीति तर्जुमा गरी कार्यान्वयनमा ल्याईनेछ।

८८. बागमती प्रदेशलाई श्रमिकमैत्री प्रदेशको रूपमा स्थापित गरी श्रमको उच्च सम्मान गर्ने संस्कृतिको विकास गरिनेछ। आगामी आर्थिक वर्षदेखि प्रदेश भित्रका मजदुर श्रमिकहरूको पञ्जीकरण गर्ने कार्यक्रम प्रारम्भ गरिनेछ।

८९. श्रम, यातायात तथा रोजगार मन्त्रालयका लागि रु.७७ करोड ६ लाख विनियोजन गरेको छु।

**स्वास्थ्य सेवा**

९०. गुणस्तरीय स्वास्थ्य सेवामा सबै नागरिकको सरल र सहज पहुँच सुनिश्चत गर्न प्रदेशका स्वास्थ्य संस्थाहरूको क्षमता अभिवृद्धि गर्दै लगिनेछ। गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्न थप बिशेषज्ञ चिकित्सक तथा स्वास्थ्यकर्मी जनशक्ति, औषधि, स्वास्थ्य औजार तथा उपकरणको व्यवस्थापन र भौतिक पूर्वाधार निर्माण र सुधार गर्दै लगिनेछ। विशेषज्ञ चिकित्सक लगायतका स्वाथ्यकर्मीहरूलाई दुर्गम क्षेत्रमा सेवा गर्न उत्प्रेरित हुने बिशेष व्यवस्था मिलाएको छु।

९१. **"बागमती प्रदेशः स्वस्थ्य प्रदेश"** भन्ने नाराका साथ मुख्यमन्त्री जनता स्वास्थ्य कार्यक्रम अन्तर्गत नागरिकको स्वास्थ्य प्रवर्द्धनका लागि विभिन्न कार्यक्रमहरू सञ्चालन गरिनेछ। क्यान्सर, मुटुरोग, मधुमेह, दिर्घ श्वासप्रश्वास जस्ता नसर्ने रोगको उपचार महँगो रहेको र बर्षेनी ठूलो संख्यामा नागरिकले ज्यान गुमाउनु परेकोले त्यस्ता रोगहरूको समयमै पहिचान गरी रोकथाम र निराकरण गर्न प्रदेश भित्रका अस्पताल, आयुर्वेद स्वास्थ्य केन्द्र र स्थानीय तहका स्वास्थ्य संस्था मार्फत दुई हजार दुई सय पचास रूपैया बराबरको निःशुल्क स्वास्थ्य परीक्षण गर्ने व्यवस्था मिलाएको छु।

९२. प्रदेश भित्रका विपन्न नागरिकलाई क्यान्सर, हृदयघात, मस्तिष्कघात, पाठेघरको रूग्णता तथा अबस्ट्रेटिक फिष्टुला उपचारमा प्रदान हुँदै आएको आर्थिक सहायतालाई निरन्तरता दिएको छु।

९३. मुख्यमन्त्री जनता स्वास्थ्य कार्यक्रमका लागि रु.६ करोड विनियोजन गरेको छु।

९४. दुर्गम स्थानमा सुरक्षित मातृत्व सुविधा उपलब्ध गराउन स्थानीय तहको स्वास्थ्य संस्थाबाट गर्भवती महिलाहरूको जोखिमयुक्त गर्भको पहिचान गर्न संचालित भिडियो एक्सरे सेवा विस्तार गर्न बजेट व्यवस्था गरेको छु।

९५. डेंगु लगायत महामारीजन्य सरूवा रोग रोकथाम तथा नियन्त्रणका लागि आवश्यक कार्यक्रमहरू सञ्चालन गर्ने व्यवस्था मिलाएको छु।

९६. प्रदेश अस्पतालहरूमा विशिष्टिकृत निदानात्मक स्वास्थ्य सेवा प्रदान गर्न आवश्यक औजार, उपकरण व्यवस्थापन गर्दै लगिनेछ। आगामी आर्थिक वर्ष तीनवटा अस्पतालमा सिटी स्क्यान मेसिन र महिलाको स्तन क्यान्सरको पहिचानको लागि मेमोग्राफी मेसिन जडान गरिनेछ।

९७. प्रदेश अस्पतालहरूबाट नसर्ने रोग, आयुर्वेद लगायतका औषधि तथा निःशुल्क औषधि वितरणका लागि आवश्यक रकम विनियोजन गरेको छु।

९८. प्रदेशमा स्वास्थ्य जनशक्तिको नियमित आपूर्तिका लागि बिशेषज्ञ चिकित्सक लगायतको प्राविधिक जनशक्ति उत्पादन गर्न मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानमा आगामी बर्षदेखि स्नातकोत्तर तहको अध्ययन तथा अध्यापन सुरूवात गरिनेछ। चालु शैक्षिक कार्यक्रमहरूलाई पुनरावलोकन गरी थप प्रभावकारीरूपमा सञ्चालन गरिनेछ। मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानको संस्थागत सुदृढीकरण गरिनेछ। मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानको लागि रु.१२ करोड ३२ लाख विनियोजन गरेको छु।

९९. आकस्मिक स्वास्थ्य सेवालाई सहज र प्रभावकारी बनाउन बागमती प्रदेश भित्र एम्बुलेन्स सेवालाई एकीकृत रूपमा सञ्चालन गर्न एम्बुलेन्स डिस्प्याच सेन्टर स्थापना गरी निःशुल्क हटलाईन सेवा प्रयोगमा ल्याइनेछ। ज्यान जोखिममा परेका गर्भवती तथा सुत्केरी महिलाहरूको उद्धारका लागि निःशुल्क हवाई सेवा उपयोग गर्ने व्यवस्था मिलाएको छु।

१००. प्रदेश अस्पातलहरूको भौतिक पूर्वाधार क्रमशः विस्तार गर्दै लगिनेछ। आगामी वर्ष धादिङ अस्पताल, बज्रबाराही चापागाऊ अस्पताल, मेथिनकोट अस्पताल, जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र मकवानपुर, चितवन र ललितपुरको भवन निर्माण कार्य सम्पन्न गरिनेछ। यसको लागि रु. १३ करोड ५५ लाख विनियोजन गरेको छु।

१०१. किशोर किशोरीको स्वास्थ्य सेवा प्रवर्द्धन तथा परामर्श र प्राथमिक उपचार सेवा प्रवाह गर्ने उद्देश्यकासाथ सञ्चालित **"एक माध्यमिक विद्यालय, एक नर्स"** कार्यक्रमलाई आर्थिक बर्ष २०८०/८१ मा प्रदेश भित्रका दशजोड दुई अध्यापन गराउने सबै विद्यालयहरूमा विस्तार गरिएको छ। सो कार्यक्रमको लागि रु.३० करोड ७४ लाख विनियोजन गरेको छु।

१०२. बागमती प्रदेश सरकार प्रदेशका सिमान्तकृत नागरिकहरूको स्वास्थ्य सेवा प्रवर्द्धनमा प्रतिबद्ध रहेको छ। लोपोन्मुख तथा सिमान्तकृत जातिहरू, आश्रममा आश्रित नागरिकहरूको स्वास्थ्य बीमा प्रिमियम भुक्तानीका लागि रकम छुट्याएको छु। प्रदेश भित्रका लोपोन्मुख र सिमान्तकृत जातिहरूको सुरक्षित मातृत्व सेवा तथा खोप सेवामा पहुँच वृद्धि गर्न प्रोत्साहन स्वरूप रु. ५ हजार प्रदान गरिनेछ।

१०३. योग, होमियोप्याथिक, अकुपञ्चर लगायतका अन्य वैकल्पिक चिकित्सा उपचार पद्धतिलाई प्रवर्द्धन गर्न आवश्यक बजेट विनियोजन गरेको छु। आयुर्वेद औषधि उत्पादन केन्द्रलाई जी.एम.पी. मापदण्ड अनुसार स्तरोन्नती गरी प्रदेशलाई गुणस्तरीय आयुर्वेद औषधिमा आत्मनिर्भर बनाइनेछ।

१०४. लोकतन्त्र प्राप्तिका लागि भएका विभिन्न राजनीतिक आन्दोलन र विपद्का घाइतेलाई प्रदेशका अस्पतालहरूबाट निःशुल्क उपचार सेवा प्रदान गर्ने व्यवस्था मिलाएको छु। गरिब, बिपन्न तथा असहाय नागरिकलाई आकस्मिक तथा आईसियू उपचार सेवा निःशुल्क रूपमा उपलब्ध गराउन आवश्यक व्यवस्था मिलाइएको छ।

१०५. बागमती प्रदेशको जनसंख्याको वृद्धि, संरचना, वितरण तथा बसाईँसराई जस्ता जनसंख्या परिसूचकहरूको विश्लेषण गरी नीति तय गरिनेछ। आत्महत्या, सडक दुर्घटना लगायतका समस्याहरूको न्यूनीकरणका लागि आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ।

१०६. स्वास्थ्य मन्त्रालयका लागि रु. चार अर्ब ७ करोड विनियोजन गरिएको छ।

## शिक्षा, खेलकुद र सामाजिक विकास

१०७. प्रदेशस्तरमा शिक्षालाई थप व्यवस्थित र योजनाबद्धरूपमा सञ्चालन गर्न प्रादेशिक शिक्षा नीति तथा एकीकृत बालविकास र शिक्षा सम्वन्धी रणनीति तर्जुमा गरी कार्यान्वयन गरिनेछ। स्थानीय तहमा अनिवार्य तथा निःशुल्क शिक्षा घोषणा गर्न रु. ८ करोड व्यवस्था गरेको छु।

१०८. सामुदायिक विद्यालयमा शिक्षाको गुणस्तर अभिवृद्धिका लागि विद्यार्थी केन्द्रित व्यवस्थापन र विद्यार्थी उपलब्धी सुधार कार्यक्रमलाई निरन्तरता दिएको छु। यसका लागि रु. ११ करोड विनियोजन गरेको छु। माध्यमिक तहमा शून्य दरवन्दी भएका सामुदायिक माध्यमिक विद्यालयहरूलाई प्रदान गर्ने अनुदानलाई निरन्तरता दिन रु.१५ करोड ३३ लाख विनियोजन गरेको छु।

१०९. सामुदायिक विद्यालयको भवन निर्माण, घेराबार, शौचालय र शुद्ध खानेपानी व्यवस्थापन लगायतका भौतिक पूर्वाधार निर्माणका लागि रु. ६१ करोड विनियोजन गरेको छु।

११०. प्रदेश भित्र सञ्चालन भएका सामुदायिक क्याम्पसहरूको शैक्षिक सुदृढीकरण गरी उच्च शिक्षाको गुणस्तर अभिवृद्धिका लागि रकम छुट्याएको छु ।

१११. संघीय सरकारसँगको सहकार्यमा सामुदायिक विद्यालयका प्रधानाध्यापकको नेतृत्व तथा व्यवस्थापकीय क्षमता अभिवृद्धि तथा विषयगत शिक्षकहरूको पेशागत क्षमता विकास तालिम सञ्चालनको लागि आवश्यक रकम विनियोजन गरेको छु।

११२. अल्पसङ्ख्यक, लोपोन्मुख, अति सिमान्तकृत, दलित र आर्थिक रूपमा पिछडिएको समुदायका छात्रछात्राको शिक्षामा पहुँच अभिवृद्धिका लागि आवासीय विद्यालय सञ्चालन गर्नका लागि रु. ३ करोड विनियोजन गरेको छु।

११३. प्रदेशको उच्च शिक्षालाई थप व्यवस्थित गरी अन्तर्राष्ट्रियस्तरमा प्रतिस्पर्धी जनशक्ति उत्पादन गर्न प्रदेश विश्वविद्यालय स्थापना गरिनेछ। सम्भाव्यताका आधारमा मानित विश्वविद्यालय र प्रतिष्ठान स्थापना गर्ने व्यवस्था मिलाइनेछ। यसका लागि रु. ५ करोड बजेट व्यवस्था गरेको छु। उच्च शिक्षा अध्ययनरत छात्राहरूलाई छात्रवृत्ति प्रदान गर्ने व्यवस्थालाई निरन्तरता दिएको छु।

११४. विद्यालय शिक्षादेखि नै विद्यार्थीहरूलाई जीवनउपयोगी तथा व्यवहारिक ज्ञान र सीप सिकाउन सामुदायिक विद्यालयमा सिक्दै कमाउदै-कमाउदै सिक्दै कार्यक्रम विस्तार गर्न बजेटको व्यवस्था गरेको छु ।

११५. सीप सिकौं स्वरोजगार बनौं भन्ने नारालाई कार्यान्वयन गर्न प्रदेश प्राविधिक तथा व्यवसायिक शिक्षा र तालिम परिषद् गठन गरी प्रदेशस्तरमा प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमलाई एकीकृतरूपमा सञ्चालन गर्ने व्यवस्था मिलाएको छु। विभिन्न तालिम र वैदेशिक रोजगार मार्फत आर्जन गरेका सीपको मान्यता प्रदान गर्न सीप परीक्षण केन्द्र गठन गरिनेछ। विप्रेषण मार्फत प्राप्त रकमलाई उत्पादनमूलक प्रयोग गर्न प्रोत्साहित गरिनेछ।

११६. प्रदेशमा अध्ययन र अनुसन्धानलाई प्रोत्साहन गर्न विज्ञान, प्रविधि, नवप्रवर्तन र विकास कोष स्थापनाका लागि आवश्यक कानुनी र संस्थागत व्यवस्था गरिनेछ। नवप्रवर्तनलाई उत्प्रेरित गर्न रु. २ करोड विनियोजन गरेको छु।

११७. स्वदेशमा उत्पादित दक्ष प्राविधिक जनशक्तिलाई बागमती प्रदेशको विकास निर्माणमा सहभागी गराई विदेश पलायन हुनबाट रोक्न जनशक्ति उत्पादन गर्ने सरकारी, सामुदायिक तथा निजी संस्थाहरूसँग सहकार्य गरी विशेष युवा प्राविधिक जनशक्ति परिचालन गर्ने व्यवस्था मिलाइनेछ।

११८. युवा उद्यमशीलता तथा रोजगार अभिवृद्धि कार्यक्रम सञ्चालन गर्न युवालाई तालिम, सीप, बीउपुँजी, प्रविधि र परामर्श प्रदान गर्न आवश्यक व्यवस्था मिलाएको छु। सो कार्यक्रमको लागि रु.१५ करोड छुट्याएको छु।

११९. खेल संस्कृतिको विकास गरी युवाहरूमा देशप्रेम र सामाजिक अनुशासनको भावना विकास गर्दै लगिनेछ। व्यवसायिक खेलाडीको उत्पादन गर्न खेलकुद पूर्वाधार र खेलमा लगानी अभिवृद्धि गर्दै जाने नीति लिएको छु। विभिन्न खेलकुद प्रतियोगिताहरू सञ्चालन गर्न तथा स्थानीयस्तरमा खेलकुद र खेलाडीलाई प्रोत्साहन गर्न आवश्यक बजेट व्यवस्था गरेको छु। चितवनमा

निर्माणाधिन गौतम बुद्ध अन्तर्राष्ट्रिय क्रिकेट रङ्गशालाको निर्माणकार्य सम्पन्न गर्न रु. पाँच करोड विनियोजन गरेको छु।

१२०. प्रदेश भित्रका रङ्गशाला, कभर्ड हल र खेल मैदान लगायतका खेलकुद पूर्वाधार निर्माणका लागि रु.३६ करोड १० लाख विनियोजन गरेको छु।

१२१. आगामी आर्थिक वर्ष गरिबी निवारण सम्बन्धी प्रादेशिक नीति तर्जुमा र प्रदेशभित्र गरिब घर परिवार पहिचान तथा अभिलेखीकरण गरिनेछ। प्रदेश भित्र बसोबास गर्ने विपन्न दलित समुदायको आर्थिक सामाजिक सशक्तीकरणका लागि विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।चेपाङ समुदायको उत्थान र चेपाङ संस्कृतिको सम्बर्द्धन लागि चिउरी र चमेरा संरक्षण कार्यक्रम सञ्चालन गर्न बजेटको व्यवस्था गरेको छु ।

१२२. महिला सशक्तीकरणका लागि सचेतना एवम् सीपमूलक तालिम तथा लैङ्गिक समानता सम्वन्धी कार्यक्रमहरू सञ्चालन गरी बागमती प्रदेशमा महिला पहिला भन्ने नीतिलाई व्यवहारिक रूपमा कार्यन्वयन गरिनेछ।

१२३. लैङ्गिक हिंसाबाट प्रभावितहरूको शीघ्र उद्धार, उचित राहत, मनोसामाजिक परामर्श र पुनर्स्थापना सम्बन्धी सामाजिक सुरक्षाका विशेष कार्यक्रमहरू सञ्चालन गर्न रकम छुट्ट्याएको छु।

१२४. गृहणीहरूको सशक्तीकरण गरी आत्मनिर्भर बनाउन र महिला उद्यमीहरूलाई प्रोत्साहन गर्न गृहिणी महिला सशक्तीकरण कार्यक्रम कार्यान्वयन गर्न रु. ५ करोड विनियोजन गरेको छु।

१२५. आगामी आर्थिक वर्ष अपाङ्गता सम्बन्धी प्रादेशिक नीति जारी गरिनेछ। सबै सार्वजनिक संरचनाहरू अपाङ्गतामैत्री बनाउँदै लगिनेछ। अपाङ्गता भएका व्यक्तिहरूको सशक्तीकरणका लागि विभिन्न सीपमूलक तालिम सञ्चालन गरिनेछ। सीपयुक्त व्यक्तिहरूलाई स्वरोजगार बन्न पुँजी तथा प्रविधि हस्तान्तरण गर्न र सहायता सामग्री वितरणका लागि रकम छुट्याएको छु।

१२६. जेष्ठ नागरिकहरूको ज्ञान, सीप र अनुभव हस्तान्तरण गरी प्रदेश विकासमा उपयोग गर्ने नीति लिएको छु। जेष्ठ नागरिकको संरक्षणको लागि विभिन्न कार्यक्रमहरू सञ्चालन गरिनेछ। ज्येष्ठ नागरिक भवन निर्माण र सञ्चालनमा स्थानीय तह, सामाजिक संस्थाहरूसँग सहकार्य गरिनेछ।

१२७. सहयोगापेक्षी सडक मानवमुक्त बागमती प्रदेश अभियानका लागि सामाजिक संस्थाहरूसँगको साझेदारी एवम् सहकार्यलाई निरन्तरता दिएको छु। आर्थिक, सामाजिक तथा सांस्कृतिक रूपमा सिमान्तकृत (वनकरिया, चेपाङ, थामी, जिरेल, माझी, हायु, दनुवार, सुरेल ,बोटे)महिलाहरूको सशक्तीकरणका लागि सीपमूलक तालिम कार्यक्रमहरू सञ्चालन गरिनेछ। सीपयुक्त महिलाहरूलाई स्वरोजगार बन्न प्रेरित गर्न बीउपुँजी उपलब्ध गराइनेछ।

१२८. यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदायलाई मर्यादित र सुरक्षित जीवन यापनको लागि सशक्तीकरण कार्यक्रम सञ्चालन गरिनेछ ।

१२९. आमा र बाबु दुवै नभएका बालबालिकाहरूका लागि सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन गरिनेछ। बालविवाह मुक्त प्रदेश अभियान र बालमैत्री स्थानीय तह घोषणाका लागि रकमको व्यवस्था गरेको छु।

१३०. सामाजिक विकास मन्त्रालयको लागि रु. चार अर्ब विनियोजन गरिएको छ।

## सडक, भवन र शहरी पूर्वाधार

१३१. एकीकृत विकास गुरूयोजना तर्जुमा गरी प्रदेशका शहरी तथा ग्रामीण वस्तीहरूलाई व्यवस्थित, सुन्दर र पर्यावरणमैत्री वस्तीको रूपमा विकास गर्दै लगिनेछ। उदीयमान शहरहरू तथा स्थानीय तहका केन्द्रहरूमा योजनाबद्ध रूपमा मौलिक पहिचान सहितको पूर्वाधार निर्माण कार्य प्रारम्भ गरिनेछ।

१३२. ठूला वस्ती तथा सडकको पहुँचबाट टाढा छरिएर रहेका एकल असुरक्षित बसोबासलाई सुरक्षित र एकीकृत वस्तीको रूपमा विकास गर्न तथा रूबिभ्याली लगायत मानव विकास सूचकाङ्कमा पछाडि परेका अन्य स्थानीय तहको भौतिक पूर्वाधार सहितको एकीकृत विकास आयोजनाका लागि रु.५ करोड ५० लाख विनियोजन गरेको छु।

१३३. खरको छानामुक्त बागमती प्रदेश अभियानको कार्यलाई निरन्तरता दिएको छु । जनता आवास कार्यक्रम तथा चेपाङ, बोटे, बनकरिया जातिका आवास विहीन नागरिकका लागि एकीकृत वस्ती तथा आवास कार्यक्रम मार्फत थप घरहरू निर्माण गरी लाभग्राहीहरूलाई हस्तान्तरण गर्दै लगिनेछ।

१३४. यथासक्य चाँडो प्रदेश सरकारका निकायहरूलाई आफ्नै भवनमा हस्तान्तरण गर्ने उद्देश्यका साथ प्रदेश सरकारको प्रशासनिक केन्द्रको भवन तथा अन्य पूर्वाधार निर्माणको लागि आवश्यक रकम विनियोजन गरेको छु।

१३५. **"व्यवस्थित शहरी सडक पूर्वाधारः आधुनिक विकासको आधार"** भन्ने नारालाई साकार पार्न शहरी तथा शहरोंन्मुख क्षेत्रहरूमा व्यवस्थित शहरी सडक निर्माण गर्दा अनिवार्य रूपमा सडक बत्ती, सौन्दर्यिकरण, हरियाली, व्यवस्थित फुटपाथ, साइकल लेन तथा बगैचा निर्माण गर्नुपर्ने कानूनी व्यवस्था गरिनेछ।

१३६. आगामी आर्थिक वर्षदेखि प्रदेश सडक यातायात गुरूयोजना कार्यान्वयन गरिनेछ। प्रदेश लोकमार्ग तथा प्रदेश मार्ग, स्थानीय तहको केन्द्र जोड्ने सडकको निर्माण तथा स्तरोन्नतिको

लागि विशेष प्राथमिकतामा दिएको छ। सम्वत २०८५ भित्र सबै स्थानीय तहका केन्द्र जोड्ने सडकलाई पक्की सडकमा स्तरोन्नति गरिनेछ। प्रदेश सडक तथा स्थानीय तहको केन्द्र जोड्ने सडक निर्माणको आवश्यक रकम विनियोजन गरेको छ।

१३७. नदी, खोला खोल्सीहरूमा सडक पूल तथा झोलुङ्गे पूलको निर्माण कार्यलाई प्राथमिकताका साथ अगाडि बढाइनेछ। आगामी आर्थिक वर्षदेखि सडक तथा सडक पुल डिजाइन तथा निर्माणलाई प्रभावकारी बनाउन डिजाइन एण्ड बिल्ड विधि बमोजिमको निर्माण कार्यलाई प्राथमिकता दिने व्यवस्था मिलाइनेछ। स्थानीय तहबाट निर्माण गरिने झोलुङ्गे पुलमा प्रदेश सरकारको प्राविधिक सहयोग उपलब्ध गराइनेछ। लट्ठा खरिदको लागि रु. १० करोड विनियोजन गरेको छ।

१३८. सडक तथा सडक संरचनाहरूको आयु बढाउन **"नियमित मर्मत सम्भारः दिगो सडकको आधार"** को नारा अनुरूप प्रादेशिक सडकहरूको नियमित, पटके, आवधिक तथा आकस्मिक मर्मत सम्भारको लागि रु. ३५ करोड १५ लाख विनियोजन गरेको छ।

१३९. काठमाडौं उपत्यका लगायतका प्रमुख शहरमा नदी करिडोरमा सडक निर्माण कार्य क्रमशः गर्दै लगिनेछ। आगामी आर्थिक वर्षमा काठमाण्डौं उपत्यकाका खस्याङ्गखुसुङ्ग खोला, महादेव खोला, हनुमन्ते खोला र प्रदेश राजधानी हेटौंडाको कर्रा नदीमा करिडोर निर्माण कार्य प्रारम्भ गर्न रु. १५ करोड विनियोजन गरेको छ।

१४०. काठमाण्डौं उपत्यका लगायतका मुख्य शहरी सडकहरूमा बढ्दो ट्राफिक व्यवस्थापनमा सघाउ पुऱ्याउन मुख्य र भित्रि सडकका उपयुक्त स्थानमा फ्लाईओभर, सब-वे, आकाशे पुल, उपमार्ग (वाइपास), इन्टर सेक्सन, मल्टिस्टोरेज पार्किङ विल्डिङ्ग लगायतका संरचना निर्माण गर्न अध्ययन कार्यका लागि रकम छुट्याएको छ।

१४१. विपि राजमार्गको पिङ्थलीबाट महाभारत गाउँपालिका हुँदै मदन भण्डारी लोकमार्गको झुरझुरे जोड्ने जनमुक्ति प्रादेशिक लोकमार्ग निर्माण आगामी पाँच वर्षभित्र सम्पन्न गर्ने गरी आवश्यक रकम विनियोजन गरेको छ ।

१४२. नुवाकोटको विदुर, तुप्चे, मनकामना, भाल्चे, साल्मे, बुम्ताङ, सामरी, दाम्सिङ हुँदै धादिङको काउले तारुकाघाट जोड्ने प्रादेशिक लोकमार्गको निर्माणकार्यलाई निरन्तरता दिन आवश्यक रकम छुट्याएको छ ।

१४३. प्रादेशिक सडकहरूमा आधुनिक प्रविधिको प्रयोग गरी सडक सुरक्षालाई भरपर्दो र प्रभावकारी बनाउँदै लगिनेछ। सडक निर्माणका क्रममा हुने भू-क्षय रोकथाम र बाढीपहिरो नियन्त्रण गर्न बायोइञ्जिनियरिङ्ग प्रविधिको प्रयोगलाई उच्च प्राथमिकता दिने नीतिगत तथा कानूनी व्यवस्था मिलाइनेछ।

१४४. भौतिक पूर्वाधार विकास मन्त्रालयका लागि रु. २१ अर्ब ६६ करोड विनियोजन गरेको छु।

**खानेपानी, ऊर्जा तथा सिँचाइ**

१४५. बागमती प्रदेश सरकार प्रदेशवासीलाई स्वच्छ खानेपानी र गुणस्तरीय सरसफाई सेवा उपलब्ध गराउन प्रतिवद्ध छ। सो प्रतिवद्धता कार्यन्वयनलाई मूर्त रूप दिन **"एक घर एक धारा, पूर्ण सरसफाई हाम्रो अभिभारा"** अभियानलाई निरन्तरता दिएको छु। आगामी आर्थिक वर्ष खानेपानी तथा सरसफाई सम्बन्धी नीति र आवश्यक कानून तर्जुमा गरिनेछ।

१४६. प्रदेश भित्रका सुख्खाग्रस्त क्षेत्र लक्षित गरी खानेपानी र सिँचाइ सम्वन्धी विशेष प्रकृतिका आयोजना सञ्चालन गरिनेछ। खानेपानीका मुहान, ऐतिहासिक ढुङ्गेधारा, इनार लगायतका पानीका परम्परागत स्रोतको संरक्षण गर्न बजेट व्यवस्था गरेको छु।

१४७. सहलगानी खानेपानी आयोजना सञ्चालन गर्न स्थानीय तह, खानेपानी बोर्ड तथा उपभोक्ता समिति लगायतका निकायहरूसँग सहकार्य गरिनेछ। आगामी आर्थिक वर्ष प्रदेश राजधानी हेटौँडाको थानाभन्याङ क्षेत्रमा खानेपानी बोर्डसँगको सहकार्यमा तीन हजार घरधुरी लाभान्वित हुने खानेपानी आयोजनाको निर्माण कार्य शुरू गरिनेछ। सहलगानी खानेपानी आयोजनाका लागि रु. दुई करोड ५० लाख विनियोजन गरेको छु।

१४८. प्रदेशका मुख्य शहरहरूको ढल प्रणालीलाई व्यवस्थित गर्न प्राथमिकताको आधारमा क्रमशः ढल निर्माण कार्यक्रम सञ्चालनमा ल्याइनेछ। महत्वपूर्ण सार्वजनिक स्थल तथा राजमार्गमा सार्वजनिक शौचालय निर्माण गर्न स्थानीय तह र निजी क्षेत्रसँग सहकार्य गरिनेछ।

१४९. खानेपानी तथा सरसफाई सम्बन्धी उल्लेखित कार्यक्रमहरू कार्यान्वयन गर्न रु. दुई अर्व ४३ करोड विनियोजन गरेको छु।

१५०. प्रदेश भित्रका कृषियोग्य भूमिमा भरपर्दो र दिगो सिँचाइ सुविधा पुऱ्याउन विभिन्न प्रविधिका सिँचाइ आयोजनाहरूको विकास एवं निर्माण कार्यको लागि बजेट छुट्याएको छु। नारायणी लिफ्ट तथा खगेरी सिँचाइ आयोजनाको मर्मत, सञ्चालन तथा व्यवस्थापनको लागि रु. पाँच करोड ३४ लाख विनियोजन गरेको छु।

१५१. निर्माण सम्पन्न खानेपानी तथा सिँचाइ योजनाहरूको दिगोपना र नियमित मर्मत सम्भारको निम्ति उपभोक्ताहरूलाई समेत जिम्मेवार बनाउने नीति लिइनेछ। जटिल र आकस्मिक प्रकृतिका खानेपानी तथा सिँचाइ आयोजनाहरूको मर्मत सम्भारको लागि आवश्यक व्यवस्था मिलाइनेछ।

१५२. प्रदेशभित्रका परम्परागत राजकुलो, तालतलैया र पोखरी संरक्षण तथा पुनर्स्थापना गरी जलस्रोत व्यवस्थापन तथा सिँचाइ सेवा उपलब्ध गराउने नीति कार्यान्वयन गर्दै लगिनेछ। प्रदेश राजधानी

हेटौंडा, संघीय राजधानी काठमाण्डौं लगायत उपयुक्त स्थानमा जलपुनर्भरणका लागि पोखरी र बाँध निर्माण गर्न बजेट व्यवस्था गरेको छु।

१५३. पर्यटन प्रवर्द्धन तथा जलाधार व्यवस्थापनसँग सम्बन्धित प्रदेश गौरवको आयोजनाको रूपमा रहेको मानव निर्मित जिरी ताल आयोजना, दोलखा र हिलेजलजले पर्यटकीय ताल निर्माण आयोजना, काभ्रेको कार्यान्वयन प्रक्रिया अगाडि बढाउन रु. चार करोड विनियोजन गरेको छु।

१५४. जलउत्पन्न विपद्को जोखिममा रहेका क्षेत्रहरूमा प्राथमिकताका आधारमा जोखिम न्यूनीकरण र व्यवस्थापन सम्बन्धी कार्यक्रमहरू सञ्चालन गरिनेछ। **"नदी व्यवस्थापन सहित जमीन उकास"** को लागि गुरूयोजनामा समावेश भएका नदीहरूमा तटबन्धन निर्माण लगायत अन्य आधुनिक प्रविधिको प्रयोग मार्फत विपद् जोखिम न्यूनीकरण गरिनेछ। मेलम्ची ईन्द्रावती एकीकृत संरक्षण कार्यक्रमको लागि रु. एक करोड बजेट व्यवस्था गरेको छु।

१५५. संघीय सरकार र नेपाल विद्युत प्राधिकरणसँगको सहकार्य र समन्वयमा विद्युत सेवाको पहुँच नपुगेका घर परिवारमा आगामी दुई बर्ष भित्र स्वच्छ तथा नवीकरणीय ऊर्जाको पहुँच पुऱ्याइनेछ।

१५६. सिँचाइ संरचनाहरू, तटबन्धन तथा बाँध निर्माण र ऊर्जा सम्बन्धी आयोजनाहरू कार्यान्वयन गर्न रु. दुई अर्ब ७६ करोड विनियोजन गरेको छु।

१५७. खानेपानी, ऊर्जा तथा सिँचाइ मन्त्रालयको लागि जम्मा रु. सात अर्ब ४६ करोड विनियोजन गरेको छु।

## कानून, शान्ति सुरक्षा र विपद् व्यवस्थापन

१५८. विपद् व्यवस्थापनलाई प्रदेशको शासन व्यवस्थामा आन्तरिकीकरण गर्दै लगिनेछ। विपद् व्यवस्थापन सम्बन्धी क्रियाकलापको प्रभावकारी रूपमा सञ्चालन तथा व्यवस्थापन गर्न विषयगत मन्त्रालयको संरचनागत सुधार गरिनेछ। विपद् जोखिम न्यूनीकरणलाई जीवन पद्धतिको अभिन्न अङ्गको रूपमा स्थापित गर्न आवश्यक कार्यक्रमहरू सञ्चालन गरिनेछ।

१५९. प्रदेशको सुरक्षा व्यवस्थालाई थप प्रभावकारी र चुस्त दुरूस्त बनाउन संघीय सरकारसँग समन्वय र सहकार्य गरिनेछ। प्रविधिको उपयोग मार्फत सडक दुर्घटना लगायत प्रदेश सीमा क्षेत्रमा हुने आपराधिक गतिविधि न्यूनीकरण गर्न शहर र राजमार्ग क्षेत्रमा सि.सि.टि.भी जडान कार्यको लागि आवश्यक रकम व्यवस्था गरेको छु ।

१६०. अपराध अनुसन्धान, सूचना संकलन तथा विश्लेषणका लागि आधुनिक प्रविधिमैत्री सुरक्षा जाँच चौकी एवम् प्रत्येक जिल्ला सदरमुकाममा एक/एक सार्वजनिक नागरिक प्रदर्शन स्थल निर्माण गर्न रु. दुई करोड २६ लाख विनियोजन गरेको छु।

१६१. सेवा प्रवाह र सुशासनसँग सम्बन्धित महत्वपूर्ण कानूनको प्रचार प्रसार गर्न आवश्यक प्रबन्ध मिलाएको छु। असमर्थ पक्षको सहयोगका लागि कानूनी सहायता कार्यक्रम तथा कानूनका आधारभूत विषयमा विद्यालय र समुदायमा कानूनी सचेतना कार्यक्रम सञ्चालन गरिनेछ।

१६२. द्वन्द पीडित तथा विपद्का कारण अपाङ्गता भएका व्यक्तिहरूलाई सीप, बिउपुँजी र प्रविधि प्रदान गरी उत्पादित सेवा र बस्तुको बजारीकरण गर्न रु. एक करोड विनियोजन गरेको छु।

१६३. बागमती प्रदेशमा कार्यरत सञ्चारकर्मीहरूलाई सामाजिक सुरक्षा कोषमा आवद्ध गर्न आवश्यक व्यवस्था मिलाइनेछ।

१६४. प्रदेश भित्र महत्वपूर्ण सूचनाहरूको संकलन र विश्लेषण गरी नियमित रुपमा प्रदेशबासीलाई सुसूचित गराउन प्रदेश सूचना बैंक स्थापनाका लागि रु. एक करोड विनियोजन गरेको छु।

१६५. शान्ति सुरक्षा सुदृढीकरणका लागि सुरक्षा सम्बद्ध निकायको भौतिक पूर्वाधार विकासलाई निरन्तरता दिइएको छ। प्रदेश भित्रका प्रहरी भवन निर्माणका लागि रु.३० करोड विनियोजन गरेको छु।

१६६. प्रदेश सभा सचिवालयको संस्थागत सुदृढीकरण र प्रदेश सभा सञ्चालनको लागि रु.३३ करोड ७४ लाख विनियोजन गरेको छु।

१६७. आन्तरिक मामिला तथा कानून मन्त्रालयको लागि रु. ६१ करोड ७८ लाख विनियोजन गरेको छु।

## प्रदेश नीति तथा योजना

१६८. आगामी आर्थिक वर्ष नेपाल सरकार र स्थानीय तहको समन्वय र सहकार्य तथा प्रदेश सभाका सदस्यहरू, प्रमुख राजनीतिक दल, निजी क्षेत्र, सहकारी र विषय विज्ञहरू समेतको सहभागितामा प्रदेशको दोस्रो आवधिक योजना तर्जुमा गरिनेछ।

१६९. प्रदेशको योजना तर्जुमा, बजेट निर्माण र नीतिगत कार्यहरूका लागि आवश्यक तथ्याङ्क संकलन, विश्लेषण र उपयोग गर्न आवश्यक संस्थागत सुदृढीकरण गरिनेछ। आगामी आर्थिक वर्ष प्रदेश तथ्याङ्क सम्बन्धी कानून तर्जुमा गरिनेछ । प्रदेश नीति तथा योजना आयोगको लागि रु.चार करोड ६२ लाख विनियोजन गरेको छु।

## सार्वजनिक सेवा र सुशासन प्रवर्द्धन

१७०. प्रदेश निजामती सेवाको सुदृढीकरण गरी प्रदेश शासन व्यवस्थालाई सबल बनाउन सक्षम र कर्मठ कर्मचारीतन्त्रको विकास गरिनेछ। प्रदेश किताबखानाको सेवालाई प्रभावकारी बनाई प्रदेश निजामती सेवा तथा स्थानीय सेवाका कर्मचारीहरूको अभिलेख व्यवस्थित गर्दै लगिनेछ।

सार्वजनिक पद धारण गरेका पदाधिकारी तथा कर्मचारीहरूको सम्पत्ति विवरण सङ्कलन तथा सुरक्षित भण्डारणको उचित व्यवस्था मिलाइनेछ।

१७१. चालु खर्चमा मितव्ययीता कायम गर्ने गरी कार्यबोझ आवश्यकता औचित्यताका आधारमा प्रदेश सरकार अन्तर्गतका निकायहरूको संगठन तथा संरचना पुनरावलोकनको कार्य सम्वत् २०८० असोजभित्र सम्पन्न गरिनेछ।

१७२. प्रदेश तथा स्थानीय तहमा कार्यरत कर्मचारीहरूको एकीकृत कर्मचारी विवरण तथा सरूवा व्यवस्थापन सूचना प्रणालीको विकास तथा सञ्चालन गरिनेछ। बढुवा समितिको सचिवालयलाई व्यवस्थित बनाइनेछ। यसका लागि आवश्यक बजेट व्यवस्था गरेको छु।

१७३. भ्रष्टाचार विरूद्ध शून्य सहनशीलताको नीतिलाई कार्यान्वयन गर्न प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालन गरिनेछ। प्रशासनिक संयन्त्रलाई थप उत्तरदायी तथा जवाफदेही बनाई प्रदेशमा सुशासन प्रवर्द्धन गर्न प्रदेश सुशासन ऐन तथा नियमावली बमोजिमको अनुगमन तथा मूल्याङ्कन समितिलाई क्रियाशिल गरिनेछ। प्रदेशको एकीकृत मानव संशाधन विकास योजना तर्जुमा र प्रदेश सरकारका निकायहरूको व्यवस्थापन परीक्षणका लागि आवश्यक रकम विनियोजन गरेको छु।

१७४. प्रदेश सरकार र अन्तर्गतका निकायबाट सम्पादन हुने सेवा प्रवाह तथा विकास निर्माणको कार्य सम्बन्धमा आउने गुनासोहरूलाई प्रभावकारी रूपमा सम्बोधन गर्न हेलो मुख्यमन्त्री कक्ष सञ्चालन तथा व्यवस्थापनको लागि आवश्यक बजेट व्यवस्था गरेको छु।

१७५. आन्तरिक पर्यटन प्रवर्द्धन गर्न र कर्मचारीहरूको मनोबल अभिवृद्धि गर्न प्रदेश सरकारका कर्मचारीहरू सहभागी हुने गरी सञ्चालनमा रहेको आन्तरिक पर्यटन काज कार्यक्रमलाई आगामी आर्थिक बर्षमा निरन्तरता दिएको छु।प्रदेश सरकारका कर्मचारीहरूको रु.१० लाख बराबरको सामुहिक दुर्घटना बीमा गर्ने व्यवस्था मिलाएको छु।

१७६. प्रदेश समन्वय परिषद् मार्फत् प्रदेश र स्थानीय तह बीचको समन्वय र सहकार्यलाई थप दरिलो बनाइनेछ। जिल्ला समन्वय समितिको भूमिकालाई थप प्रभावकारी बनाउन जिल्ला समन्वय समिति सहयोग कार्यक्रमका लागि रु. पाँच करोड २० लाख विनियोजन गरेको छु।

१७७. प्रदेश सुशासन केन्द्रको संस्थागत सुदृढीकरण गर्दै प्रदेश र स्थानीय तहका जनप्रतिनिधि तथा कर्मचारीहरूको क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ। प्रदेश सुशासन केन्द्रबाट सञ्चालन हुने तालिमलाई व्यवस्थित गर्न तालिम व्यवस्थापन सूचना प्रणाली निर्माण तथा सञ्चालन गरिनेछ। यसका लागि आवश्यक रकम विनियोजन गरेको छु।

१७८. दिगो विकास लक्ष्य, मानव अधिकारको राष्ट्रिय कार्ययोजना तथा नेपाल सरकार पक्ष भएको सन्धि सम्झौताको कार्यान्वयन पक्ष र प्रतिवेदन प्रणालीलाई थप व्यवस्थित गर्न आवश्यक रकम छुट्याएको छु।

१७९. प्रदेश सरकारको कामकारबाही र सेवा प्रवाहलाई सरल, सहज, पारदर्शी बनाउनका लागि विद्युतीय माध्यमको प्रयोगलाई प्रवर्द्धन गरिनेछ। एकीकृत सूचना प्रणाली विकास तथा सञ्चालन गरी एकद्वार प्रणाली मार्फत सूचना प्रवाह गर्ने व्यवस्था मिलाइनेछ। बागमती प्रदेश सरकारको विद्युतीय सुशासन गुरूयोजना तर्जुमा गरी कार्यान्वयन गर्न रकम विनियोजन गरेको छु।

१८०. प्रदेश सरकारको नाममा रहेका र प्रदेश सरकारले भोगचलन गरिरहेका सार्वजनिक सम्पत्तिहरूको विवरण अद्यावधिक गरी अभिलेख व्यवस्थापनलाई प्रभावकारी बनाइनेछ।

**स्थानीय र प्रदेश विकास कार्यक्रम**

१८१. समाजवाद उन्मुख अर्थतन्त्रको अभ्यास स्थानीय स्तरबाट नै गरी प्रदेशको विकासमा गतिशीलता र प्रभावकारीता अभिवृद्धि गर्न मानव विकास सूचकाङ्कमा पछाडि परेका १५ स्थानीय तहका एक/एक वडामा नमूना वडा समाजवादी कार्यक्रम कार्यान्वयन गर्न रु.१५ करोड विनियोजन गरेको छु।

१८२. प्रदेश सभाका माननीयहरूलाई आफ्नो निर्वाचन क्षेत्रका मतदाताहरूको विकास सम्बन्धी समस्या र गुनासो सम्बोधन गर्ने सहज वातावरण सिर्जना गर्दै लगिनेछ। प्रदेश सभाका सदस्य र स्थानीय तहबीच सुमधुर सम्बन्ध कायम गरी अन्तरतह समन्वय प्रभावकारी बनाउन तथा विकास र शासनलाई थप जनमुखी बनाउन प्रदेश सभाका सदस्यको प्रत्यक्ष सहभागितामा विकास कार्यक्रम र आयोजनाहरू छनौट गरी कार्यान्वयन गर्न प्रदेश विकास कार्यक्रम सञ्चालनका लागि आवश्यक रकम छुट्याएको छु।

**वित्तीय क्षेत्र**

१८३. उत्पादन तथा रोजगारी सिर्जनाका लागि सहुलियतपूर्ण ऋण प्रवाह कार्यक्रमलाई निरन्तरता दिएको छु। यसको सञ्चालन विधिमा परिमार्जन गरी थप प्रभावकारी बनाइनेछ।

१८४. प्रदेश भित्र वित्तीय साक्षरता र वित्तीय पहुँच अभिवृद्धि गर्न संघीय सरकार, स्थानीय तह, वित्तीय संस्थाहरूसँगको सहकार्यमा आवश्यक कार्यक्रमहरू सञ्चालन गरिनेछ। प्रदेश विकास बैंक स्थापनाका लागि अध्ययन गर्न आवश्यक बजेट व्यवस्था गरेको छु।

**माननीय सभामुख महोदय,**

१८५. मैले माथि उल्लेख गरेका क्षेत्रगत नीति तथा कार्यक्रमका लागि गरेको विनियोजन र स्रोतगत अनुमान प्रस्तुत गर्ने अनुमति चाहन्छु।

१८६. आगामी आर्थिक वर्षको लागि प्रस्तावित कार्यक्रम कार्यान्वयन गर्न रु. ६२ अर्ब ७० करोड ९० लाख ७८ हजार विनियोजन गरेको छु। कुल विनियोजन मध्ये चालु तर्फ रु. २६ अर्ब ७० करोड २७ लाख ६९ हजार, पुँजीगत तर्फ रु. ३५ अर्ब ५० करोड ६३ लाख ९ हजार र वित्तीय व्यवस्था तर्फ रु. ५० करोड विनियोजन गरेको छु। कुल विनियोजन मध्ये चालु तर्फ ४२.५८ प्रतिशत, पुँजीगत तर्फ ५६.६२ प्रतिशत र वित्तीय व्यवस्था तर्फ ०.८ प्रतिशत रहेको छ।.

१८७. आगामी आर्थिक वर्षको खर्च व्यहोर्ने स्रोत मध्ये कर राजस्वबाट रु. २५ अर्ब १७ करोड २६ लाख, अन्य राजस्वबाट रु. पाँच अर्ब २६ करोड ९४ लाख, संघीय वित्तीय हस्तान्तरणबाट रु. १७ अर्ब ८१ करोड २३ लाख, चालु आर्थिक वर्षको अनुमानित सञ्चित कोषको बचत र अन्य प्राप्तिबाट रु. १४ अर्ब ४५ करोड ४७ लाख व्यहोरिने अनुमान गरिएको छ।

**माननीय सभामुख महोदय,**

१८८. अब म आगामी आर्थिक वर्षका लागि राजस्व सम्बन्धी नीति र कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु।

१८९. अर्थतन्त्रको वर्तमान अवस्थालाई मध्यनजर गरी प्रदेशका अधिकार क्षेत्रभित्रका अधिकांश करका दरहरू यथावत् नै राखिएको छ। चालु आर्थिक वर्ष तोकिएका करका दरहरूको कार्यान्वयनमा देखिएका द्विविधाहरू हटाउने गरी केही करका दरहरूमा सामान्य परिमार्जन मात्र गरेको छु।

१९०. बागमती प्रदेशलाई लगानीमैत्री प्रदेशको रूपमा स्थापना गर्न काठमाडौं उपत्यका, भरतपुर महानगरपालिका, हेटौंडा उपमहानगरपालिका क्षेत्र बाहेक प्रदेशका अन्य स्थानमा उत्पादनमूलक उद्योग स्थापनाका लागि जग्गा खरिद गर्दा प्रचलित घरजग्गा रजिष्ट्रेशन शुल्कमा पचास प्रतिशत छुट दिने व्यवस्था मिलाएको छु। यस्तो छुट काठमाडौं उपत्यकाभित्र सञ्चालित उत्पादनमूलक उद्योगले आफ्नो कारखाना उपत्यका बाहिरका गाउँपालिका र नगरपालिका क्षेत्रमा स्थानान्तरण गरेमा समेत उपलब्ध गराइनेछ।

१९१. घरजग्गा रजिष्ट्रेशन शुल्कमा सामान्य संशोधन गरिएको छ। घरजग्गा कारोबारमा लाग्दै आएको बागमती सभ्यता क्षेत्र सुधार तथा विकास शुल्क र नारायणी तथा रासी सभ्यता क्षेत्र सुधार तथा विकास शुल्क आगामी आर्थिक वर्षदेखि नलाग्ने व्यवस्था मिलाएको छु ।

१९२. प्रदेशभित्रका सामुदायिक वनबाट उत्पादन भै समूह बाहिर बिक्री वितरण गरिएका वन पैदावार (काठ र दाउरा) बाट संकलित रकमको बीस प्रतिशत रकम सेवा शुल्क बापत प्रदेश सञ्चित कोषमा जम्मा गर्ने व्यवस्था गरेको छु ।

१९३. प्रदेशको आन्तरिक स्रोत परिचालनलाई दिगो र भरपर्दो बनाउँन आय परिचालनका थप क्षेत्रहरू पहिचान गरिनेछ। प्रदेशको स्रोत परिचालन सम्बन्धमा अध्ययन गरी सुझाव पेश गर्न एक उच्चस्तरीय आयोग गठन गरिनेछ।

१९४. प्रदेश भित्र मनोरञ्जन करको दायरा फराकिलो बनाउँन मनोरञ्जनात्मक सिसाको आकाशे पूल, भ्यूटावर, स्विङ्ग र केबल कारमा पाँच प्रतिशत मनोरञ्जर कर लगाएको छु।

१९५. अर्थतन्त्रमा आएको संकुचनले उद्योग व्यवसायमा प्रतिकूल प्रभाव परेको हुँदा आगामी आर्थिक वर्ष प्रदेशभित्र विद्यमान उद्योग व्यवसायमा लाग्ने करका दरमा परिवर्तन गरिएको छैन। फर्महरूको नवीकरण गर्ने म्याद समाप्त भए पश्चात नवीकरण गर्दा लाग्ने जरिवाना रकम घटाएको छु।

१९६. महिला, दलित समुदाय, अपाङ्गता भएको व्यक्ति, अल्पसंख्यक र लोपोन्मुख समुदायका व्यक्तिले प्राइभेट फर्म रजिष्ट्रेशन गर्न चाहेमा फर्म दर्ता गर्दा लाग्ने दस्तुरमा पचास प्रतिशत छुट हुने व्यवस्था मिलाएको छु ।

१९७. बैंक, वित्तीय संस्था वा सहकारी संस्थाबाट दिने कर्जाको लागि राखिने थप धितोको दृष्टिबन्धक लिखतमा दोहोरो सेवा शुल्क नलाग्ने व्यवस्था गरेको छु।

१९८. कम्पनी वा व्यक्तिको स्वामित्वमा रहेको जग्गा आवासीय प्रयोजनको लागि जग्गा विकास कार्यक्रम (प्लटिङ्ग) सञ्चालनका लागि जग्गा खण्डीकरण गर्दा त्यस्तो जग्गाको क्षेत्रफलको आधारमा प्लटिङ्ग शुल्क लिने व्यवस्था मिलाएको छु ।

१९९. कुनै व्यक्तिले मासिक एक लाख रूपैयाँभन्दा कम बहाल रकम लिनुदिनु गरेको घरबहाल सम्झौताको लिखत पारित गराउन चाहेमा सम्बन्धित स्थानीय तह मार्फत तोकिएको रजिष्ट्रेशन शुल्क लिई लिखत रजिष्ट्रेशन गराउन सकिने व्यवस्था मिलाएको छु ।

२००. बागमती प्रदेशका यातायात ब्यवस्था कार्यालयहरूमा दर्ता भई बीस वर्ष पुरा भएका कारण सञ्चालनमा आउन नसक्ने सार्वजनिक सवारी साधनको बीस वर्ष अवधिको तिर्न बुझाउँन बाँकी रहेको सवारी साधन कर र नवीकरण दस्तुर सम्वत् २०८० फाल्गुण मसान्तभित्र बुझाएमा सोमा लाग्ने जरिवानामा नब्बे प्रतिशत छुट दिई सम्बन्धित यातायात ब्यवस्था कार्यालयहरूबाट त्यस्ता सवारी साधनको लगत कट्टा गर्ने व्यवस्था मिलाएको छु। यसबाट बीस वर्ष पूरा भएका

कारण सञ्चालनमा ल्याउन नमिल्ने सार्वजनिक सवारीको व्यवस्थापनमा सहजता आउने विश्वास लिएको छु।

२०१. सवारी साधन कर प्रणालीलाई विद्युतीय प्रणालीमा रूपान्तरण गर्न कर भुक्तानीलाई ई-पेमेन्ट मार्फत गर्ने व्यवस्था मिलाइनेछ ।

२०२. विज्ञापन करको संकलन तथा प्रशासनमा एकरूपता कायम गर्न र थप प्रभावकारी बनाउन विज्ञापन कर सम्बन्धी नमूना कानूनको मस्यौदा स्थानीय तहलाई उपलब्ध गराइनेछ ।

२०३. प्रत्येक स्थानीय तहले माटो, ढुङ्गा, गिट्टी, बालुवा लगायतका प्राकृतिक स्रोत बिक्रीको लागि खोलेको ठेक्काको जानकारी प्रदेश सरकारलाई गराउनुपर्ने व्यवस्था मिलाएको छु ।

२०४. प्रदेश अस्पताल र जिल्ला आयूर्वेद स्वास्थ्य केन्द्रहरूबाट संकलन भएको सेवा शुल्क प्रदेश सञ्चित कोषमा दाखिला हुने व्यवस्था मिलाइनेछ।

२०५. कर संकलनमा संलग्न निकायहरूको संस्थागत सुदृढीकरण गरी कर प्रशासनलाई थप प्रभावकारी बनाइनेछ। राजस्व चुहावट नियन्त्रण गर्न संघीय सरकार र स्थानीय तहसँग सहकार्य र समन्वय गरिनेछ।

**माननीय सभामुख महोदय,**

२०६. आर्थिक वर्ष २०७८/७९ को यथार्थ खर्च, चालु आर्थिक वर्ष २०७९/८० को संशोधित अनुमान र आर्थिक वर्ष २०८०/८१ को अनुमानित आय र व्ययको विवरण अनुसूचीमा समावेश गरेको छु।

२०७. माथि उल्लेख गरिएका कार्यक्रमहरूको कार्यान्वयनबाट प्रदेश अर्थतन्त्र चलायमान हुने र आर्थिक गतिविधि विस्तार भई नेपाल सरकारको आगामी आर्थिक वर्षको बजेट वक्तव्यमा उल्लेख भएको ६ प्रतिशतको आर्थिक वृद्धिदर हासिल गर्न सघाउ पुऱ्याउने विश्वास लिएको छु।

२०८. प्रस्तुत बजेटले प्रदेशको सबलीकरण र सेवा प्रवाहमा सुधार भई प्रदेशको सुशासन प्रवर्द्धनमा उल्लेखनीय सुधार हुने अपेक्षा गरेको छु। प्रदेशको भौतिक पूर्वाधार विकासबाट विभिन्न क्षेत्रहरूबीचको अन्तरआवद्धता थप मजबुत हुने, प्रदेशवासीहरूबीच सामूहिक भावना र सहकार्यात्मक संस्कृतिको विकास हुने र प्रदेशको आर्थिक जग समेत मजबूत हुनेछ। कृषि क्षेत्रमा गरिएको लगानी विस्तारले कृषिजन्य उद्योगको विकास मार्फत थप रोजगारी सिर्जना हुने र प्रदेशको खाद्य सुरक्षा र आत्मनिर्भरता कायम गर्नमा योगदान दिनेमा म विश्वस्त छु। पर्यटन क्षेत्र र औद्योगिक विकासबाट प्रदेशको मौलिक सीप, कला, संस्कृतिको जगेर्ना सहित थप रोजगारी सिर्जना र आय परिचालन हुनेछ। सामाजिक क्षेत्रमा गरिएको लगानीबाट सीपयुक्त र क्षमतावान

जनशक्तिको आपूर्ति भई प्रदेशको समृद्धि र समावेशी आर्थिक विकासको आधार निर्माण हुने अपेक्षा गरेको छु। वन क्षेत्रको दिगो विकास र उपयोगबाट प्रदेश सरकारको आयको दिगोपना कायम गर्नमा योगदान पुग्नेमा म विश्वस्त छु।

२०९. बजेटलाई प्राथमिकीकरण गरी कार्यान्वयनयोग्य क्षेत्रमा विनियोजन गरेको छु। प्रदेश संरचनाहरूको संस्थागत सुदृढीकरण हुँदै गएकोले पुँजीगत बजेटको प्रगति उच्च हुने विश्वास गरेको छु। बजेट कार्यान्वयनमा संघीय सरकार, स्थानीय तह, निजी क्षेत्र तथा सरोकारवाला सबैको रचनात्मक सहयोग र सहकार्य प्राप्त हुने अपेक्षा गरेको छु।

२१०. अन्त्यमा, बजेट निर्माणको क्रममा मार्गदर्शन गर्नुहुने माननीय प्रदेश प्रमुख, माननीय मुख्य मन्त्री, प्रदेश सभाका माननीय सभामुख, माननीय उपसभामुख प्रति हार्दिक आभार प्रकट गर्दछु। मैले यस सम्मानित सभामा पेश गरेको विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकताहरू उपर माननीय सदस्यहरूबाट प्राप्त सुझाब र मार्गदर्शनका लागि हार्दिक धन्यबाद दिन चाहन्छु। साथै, बजेट तर्जुमाका क्रममा प्राप्त सुझाबका लागि आम प्रदेशवासी, राजनीतिक दल, निजी क्षेत्र, सञ्चार जगत लगायत बजेट तर्जुमामा संलग्न सबै राष्ट्रसेवक कर्मचारीहरूमा हार्दिक धन्यवाद व्यक्त गर्दछु। प्रदेशको स्रोत परिचालनमा महत्वपूर्ण योगदान गर्नुहुने आम करदाता दिदी बहिनी दाजुभाईहरूमा हार्दिक कृतज्ञता व्यक्त गर्दछु।

धन्यवाद ।

जय नेपाल ।

# अनुसूचीहरु

# आय व्ययको विवरण

## आर्थिक वर्ष २०८०/८१

अनुसूची - १
(रु.हजारमा)

| विवरण | २०७८/७९ को यथार्थ | २०७९/८० को संशोधित अनुमान | २०८०/८१ को लक्ष्य | | | |
|---|---|---|---|---|---|---|
| | | | रकम | स्रोत | | |
| | | | | प्रदेश सरकार | संघ अनुदान | |
| | | | | | संघ | वैदेशिक |
| १ राजस्व (२+३+४) | ५६,८१,३३,२८ | ५४,७४,२६,४३ | ४४,८९,६७,७८ | ४४,८९,६७,७८ | ० | ० |
| २ कर | २५,७०,९१,५७ | १६,५३,५३,२३ | २५,१७,२६,५२ | २५,१७,२६,५२ | ० | ० |
| ३ अन्य राजस्व | ६,३२,३२,८५ | ४,८३,२९,४३ | ५,२६,९४,२३ | ५,२६,९४,२३ | ० | ० |
| ४ बिविध प्राप्ति | २४,७८,०८,८६ | ३३,३७,४३,७७ | १४,४५,४७,०३ | १४,४५,४७,०३ | ० | ० |
| ५ प्रदेश सञ्चित कोषमा दाखिला हुने(१-४) | ५६,८१,३३,२८ | ५४,७४,२६,४३ | ४४,८९,६७,७८ | ४४,८९,६७,७८ | ० | ० |
| ६ वित्तीय हस्तान्तरण अनुदान | १५,६७,५५,३९ | १४,९१,६९,९४ | १७,८१,२३,०० | ० | १६,६९,२३,०० | १,१२,००,०० |
| ७ प्रदेश सरकारको राजस्व र अनुदान (५+६) | ७२,४८,८८,६७ | ६९,६५,९६,३७ | ६२,७०,९०,७८ | ४४,८९,६७,७८ | १६,६९,२३,०० | १,१२,००,०० |
| ८ खर्च (९+१०+११) | ३६,६९,४९,७२ | ५२,८०,४४,३४.९९ | ६२,२०,९०,७८ | ४४,३९,६७,७८ | १६,६९,२३,०० | १,१२,००,०० |
| ९ चालु | ८,९०,६७,२६ | १४,४५,०२,५१.५९ | १९,१२,८०,७३ | १४,४८,५३,३१ | ४,१४,४०,३० | ४९,८७,१२ |
| १० पूंजीगत खर्च | २०,९९,५०,५१ | ३०,००,१४,५४.४ | ३५,५०,६३,०९ | २२,३३,६७,५१ | १२,५४,८२,७० | ६२,१२,८८ |
| ११ वित्तीय हस्तान्तरण चालु | ६,७९,३१,९५ | ८,३५,२७,२९ | ७,५७,४६,९६ | ७,५७,४६,९६ | ० | ० |
| १२ बजेट बचत(-) न्यून(+) (८-७) | -३५,७९,३८,९५ | -१६,८५,५२,०२.०१ | -५०,००,०० | -५०,००,०० | ० | ० |
| १३ वित्तीय व्यवस्था | १,२५,६१,५५ | ६०,००,०० | ५०,००,०० | ५०,००,०० | ० | ० |
| १४ आन्तरिक वित्तीय सम्पत्ति (१५+१६) | १,२५,६१,५५ | ६०,००,०० | ५०,००,०० | ५०,००,०० | ० | ० |
| १५ सार्वजनिक संस्थानमा ऋण लगानी | १,३०,००,०० | ६०,००,०० | ५०,००,०० | ५०,००,०० | ० | ० |
| १६ संस्थानबाट ऋण लगानी फिर्ता (-) | -४,३८,४५ | ० | ० | ० | ० | ० |
| १७ बजेट बचत(-) न्यून (+) (१२+१३) | -३४,५३,७७,४० | -१६,२५,५२,०२.०१ | ० | ० | ० | ० |
| १८ कुल आम्दानी | ७२,५३,२७,१२ | ६९,६५,९६,३७ | ६२,७०,९०,७८ | ४४,८९,६७,७८ | १६,६९,२३,०० | १,१२,००,०० |
| १९ कुल खर्च | ३७,९९,४९,७२ | ५३,४०,४४,३४.९९ | ६२,७०,९०,७८ | ४४,८९,६७,७८ | १६,६९,२३,०० | १,१२,००,०० |

# राजस्व तथा अनुदान प्राप्तिको अनुमान
## आर्थिक वर्ष २०८०/८१

अनुसूची - २
(रु.हजारमा)

| शीर्षक | २०७८/७९ को यथार्थ | २०७९/८० को संशोधित अनुमान | २०८०/८१ को लक्ष्य | वर्तमान स्रोतबाट | कर परिवर्तन तथा प्रशासनिक सुधारबाट |
|---|---|---|---|---|---|
| **कर** | **२५,७०,९१,५७** | **१६,५३,५३,२३** | **२५,१७,२६,५२** | **५०,३४,५३,०४** | **२५,१७,२६,५२** |
| **आय, मुनाफा तथा पूँजीगत लाभमा लाग्ने कर** | ० | ० | ५,०० | १०,०० | ५,०० |
| **एकलौटी फर्म तथा व्यक्तिगत आयमा लाग्ने कर** | ० | ० | ५,०० | १०,०० | ५,०० |
| कृषि आयमा कर | ० | ० | ५,०० | १०,०० | ५,०० |
| **सम्पत्ति कर** | **९,८४,०९,७७** | **४,३०,४२,४२** | **६,७५,००,००** | **१३,५०,००,००** | **६,७५,००,००** |
| **घरजग्गा रजिष्टेशन दस्तुर** | **९,८४,०९,७७** | **४,३०,४२,४२** | **६,७५,००,००** | **१३,५०,००,००** | **६,७५,००,००** |
| घरजग्गा रजिष्टेशन दस्तुर | ९,८४,०९,७७ | ४,३०,४२,४२ | ६,७५,००,०० | १३,५०,००,०० | ६,७५,००,०० |
| **वस्तु तथा सेवामा आधारित कर** | **१५,८६,८१,८०** | **१२,१६,८२,८१** | **१८,४२,२१,५२** | **३६,८४,४३,०४** | **१८,४२,२१,५२** |
| **मूल्य अभिवृद्धि कर (मू.अ .क.)** | **७,३९,७८,३४** | **५,००,००,००** | **७,७९,८८,०८** | **१५,५९,७६,१६** | **७,७९,८८,०८** |
| बाँडफाँड भई प्राप्त हुने मूल्य अभिवृद्धि कर | ७,३९,७८,३४ | ५,००,००,०० | ७,७९,८८,०८ | १५,५९,७६,१६ | ७,७९,८८,०८ |
| **अन्तः शुल्क** | **२,५४,७८,११** | **२,००,००,००** | **३,३४,२३,४४** | **६,६८,४६,८८** | **३,३४,२३,४४** |
| बाँडफाँड भई प्राप्त हुने अन्त शुल्क | २,५४,७८,११ | २,००,००,०० | ३,३४,२३,४४ | ६,६८,४६,८८ | ३,३४,२३,४४ |
| **पुर्वाधार सेवाको उपयोग तथा सवारी साधनमा लाग्ने कर** | **५,८६,६१,९१** | **५,१५,१२,३६** | **७,२५,००,००** | **१४,५०,००,००** | **७,२५,००,००** |
| सवारी साधन कर (सवारी दर्ता, वार्षिक सवारी कर तथा पटके सवारी कर ) | ० | ८ | ० | ० | ० |
| बाँडफाँटबाट प्राप्त हुने सवारी साधन कर | ५,८६,६१,९१ | ५,१५,१२,२८ | ७,२५,००,०० | १४,५०,००,०० | ७,२५,००,०० |
| **मनोरञ्जन तथा विज्ञापन कर** | **५,६३,४४** | **१,७०,४५** | **३,१०,००** | **६,२०,००** | **३,१०,००** |
| बाँडफाँडबाट प्राप्त हुने मनोरञ्जन कर | ७२,४० | ५०,०० | १,३५,०० | २,७०,०० | १,३५,०० |
| बाँडफाँडबाट प्राप्त हुने विज्ञापन कर | ४,९१,०४ | १,२०,४५ | १,७५,०० | ३,५०,०० | १,७५,०० |
| **अन्य कर** | ० | ६,२८,०० | ० | ० | ० |
| **व्यवसायले भुक्तानी गर्ने** | ० | ६,२८,०० | ० | ० | ० |
| व्यवसायले भुक्तानी गर्ने | ० | ६,२८,०० | ० | ० | ० |
| **अनुदान** | **१५,६७,५५,३९** | **१४,९१,६९,९४** | **१७,८१,२३,००** | **३५,६२,४६,००** | **१७,८१,२३,००** |
| **अन्तरसरकारी वित्तीय हस्तान्तरण** | **१५,६७,५५,३९** | **१४,९१,६९,९४** | **१७,८१,२३,००** | **३५,६२,४६,००** | **१७,८१,२३,००** |
| **अन्तरसरकारी अनुदान** | **१५,६७,५५,३९** | **१४,९१,६९,९४** | **१७,८१,२३,००** | **३५,६२,४६,००** | **१७,८१,२३,००** |
| समानिकरण अनुदान | ७,८५,९०,०० | ७,३५,४०,२५ | ८,०१,३५,०० | १६,०२,७०,०० | ८,०१,३५,०० |
| शसर्त अनुदान चालु | २,६५,७७,०० | ३,२९,६८,६८ | २,४२,२४,०० | ४,८४,४८,०० | २,४२,२४,०० |
| शसर्त अनुदान पुँजीगत | ४,०२,५६,३९ | २,४३,६१,०१ | ३,३४,६४,०० | ६,६९,२८,०० | ३,३४,६४,०० |
| विषेश अनुदान | ५५,८४,०० | ७९,००,०० | ७३,००,०० | १,४६,००,०० | ७३,००,०० |
| समपुरक अनुदान चालु | ५७,४८,०० | १,०४,००,०० | १,३०,००,०० | २,६०,००,०० | १,३०,००,०० |
| अन्य अनुदान चालु (सङ्घ सरकारबाट पछि प्राप्त हुनसक्ने सशर्त अनुदान) | ० | ० | २,००,००,०० | ४,००,००,०० | २,००,००,०० |
| **अन्य राजस्व** | **६,३२,३२,८५** | **४,८३,२९,४३** | **५,२६,९४,२३** | **१०,५३,८८,४६** | **५,२६,९४,२३** |
| **सम्पत्तिबाट प्राप्त आय** | **१,१४,५५,६१** | **९८,८९,९६** | **१,५२,११,८८** | **३,०४,२३,७६** | **१,५२,११,८८** |
| **भाडा र रोयल्टी** | **१,१४,५५,६१** | **९८,८९,९६** | **१,५२,११,८८** | **३,०४,२३,७६** | **१,५२,११,८८** |
| सरकारी सम्पत्तीको वहालबाट प्राप्त आय | १२,७७ | १९,३९ | २०,०० | ४०,०० | २०,०० |
| बाँडफाँड भई प्राप्त वन रोयल्टी | ३,९६,१२ | ३,०७,१३ | ३,९६,१२ | ७,९२,२४ | ३,९६,१२ |
| बाँडफाँड भई प्राप्त खानी तथा खनिज सम्बन्धी रोयल्टी | ५,७२,०७ | ५,४१,९९ | ५,८०,०६ | ११,६०,१२ | ५,८०,०६ |
| बाँडफाँड भई प्राप्त विद्युत सम्वन्धी रोयल्टी | ३६,०३,१६ | ३८,५१,९२ | ४०,२५,८८ | ८०,५१,७६ | ४०,२५,८८ |
| बाँडफाँड भई प्राप्त दहत्तर वहत्तरको विक्रिबाट प्राप्त हुने आय | ६७,३३,२९ | ५०,००,०० | १,००,००,०० | २,००,००,०० | १,००,००,०० |
| बाँडफाँड भई प्राप्त पर्वतारोहण वापतको रोयल्टी | १,१५,३९ | १,४४,८२ | १,४४,८२ | २,८९,६४ | १,४४,८२ |
| अन्य स्रोतबाट प्राप्त बाँडफाँड नहुने रोयल्टी | २२,८१ | २४,७१ | ४५,०० | ९०,०० | ४५,०० |
| **वस्तु तथा सेवा विक्रिबाट प्राप्त रकम** | **५,१४,९०,२२** | **३,८२,०९,२२** | **३,७३,४१,८५** | **७,४६,८३,७०** | **३,७३,४१,८५** |
| **वस्तु तथा सेवा विक्रिबाट प्राप्त रकम** | **२,४५,१९,४३** | **१,०२,५९,८०** | **१४,०५,००** | **२८,१०,००** | **१४,०५,००** |
| कृषि उत्पादनको विक्रीबाट प्राप्त रकम | २,५५,७३ | २,४४,४९ | ३,८०,०० | ७,६०,०० | ३,८०,०० |
| सरकारी सम्पतीको विक्रीबाट प्राप्त रकम | २,०६ | १५,३१ | २०,०० | ४०,०० | २०,०० |
| अन्य विक्रीबाट प्राप्त रकम | २,१० | ० | ५,०० | १०,०० | ५,०० |
| नहर तथा कुलो उपयोग वापतको शुल्क | ५ | ० | ० | ० | ० |
| अन्य सेवा शुल्क तथा बिक्री | २,४२,५९,४९ | १,००,००,०० | १०,००,०० | २०,००,०० | १०,००,०० |
| **प्रशासनिक सेवा शुल्क** | **७८,२६,९८** | **९०,६२,९४** | **१,२३,४१,९३** | **२,४६,८३,८६** | **१,२३,४१,९३** |
| शिक्षा क्षेत्रको आम्दानी | ४,९२ | ४,७९ | ५,०० | १०,०० | ५,०० |
| परीक्षा शुल्क | १२,११,२२ | १३,१९,७२ | ३०,८६,९३ | ६१,७३,८६ | ३०,८६,९३ |
| यातायात क्षेत्रको आम्दानी | ६१,९७,३५ | ७२,६७,५५ | ८५,००,०० | १,७०,००,०० | ८५,००,०० |
| अन्य प्रशासनिक सेवा शुल्क | ४,१३,४९ | ४,७०,८८ | ७,५०,०० | १५,००,०० | ७,५०,०० |
| **अन्य प्रशासनिक दस्तुरहरु** | **१,८६,३७,०३** | **१,८४,७२,१९** | **२,३०,०४,९२** | **४,६०,०९,८४** | **२,३०,०४,९२** |
| व्यावसाय रजिष्ट्रेशन दस्तुर | ३७,५६,८७ | ३१,८५,६६ | ५२,५०,०० | १,०५,००,०० | ५२,५०,०० |
| रेडियो/ एफ.एम.सञ्चालन दस्तुर | ३०,५५ | ८,०० | २७,०० | ५४,०० | २७,०० |
| टेलिभिजन सञ्चालन दस्तुर | ४९,८८ | ६,८५ | ७२,०० | १,४४,०० | ७२,०० |
| चालक अनुमति पत्र, सवारी दर्ता किताब (Blue book) सम्बन्धी दस्तुर | १,४७,९९,७३ | १,५२,७१,६८ | १,७६,५५,९२ | ३,५३,११,८४ | १,७६,५५,९२ |

| शीर्षक | २०७८/७९ को यथार्थ | २०७९/८० को संशोधित अनुमान | २०८०/८१ को लक्ष्य | वर्तमान स्रोतबाट | कर परिवर्तन तथा प्रशासनिक सुधारबाट |
|---|---|---|---|---|---|
| **अन्य प्रशासनिक सेवा शुल्क** | **५,०६,७८** | **४,१४,२९** | **५,९०,००** | **११,८०,००** | **५,९०,००** |
| जलस्रोत सम्बन्धी अन्य दस्तुर | २ | ० | ० | ० | ० |
| वन क्षेत्रको अन्य आय | ५,०६,७६ | ४,१४,२९ | ५,९०,०० | ११,८०,०० | ५,९०,०० |
| **दण्ड जरिवाना र जफत** | **१,२३,७१** | **१,९६,४४** | **१,०५,००** | **२,१०,००** | **१,०५,००** |
| **दण्ड,जरिवाना र जफत** | **१,२३,७१** | **१,९६,४४** | **१,०५,००** | **२,१०,००** | **१,०५,००** |
| न्यायिक दण्ड,जरिवाना र जफत | ० | १३ | ० | ० | ० |
| प्रशासनिक दण्ड,जरिवाना र जफत | १,१५,६० | १,९५,०० | ९५,०० | १,९०,०० | ९५,०० |
| धरौटी सदरस्याहा | ८,११ | १,३१ | १०,०० | २०,०० | १०,०० |
| **विविध राजस्व** | **१,६३,३१** | **३३,८१** | **३५,५०** | **७१,००** | **३५,५०** |
| **चालु दावी तथा अन्य शुल्कहरू** | **१,९३** | **४,२०** | **५०** | **१,००** | **५०** |
| बीमा दावी प्राप्ति | १,९३ | ४,२० | ५० | १,०० | ५० |
| **अन्य राजस्व** | **१,६१,३८** | **२९,६१** | **३५,००** | **७०,००** | **३५,००** |
| अन्य राजस्व | १,६१,३८ | २९,६१ | ३५,०० | ७०,०० | ३५,०० |
| **विविध प्राप्ति** | **२४,७८,०८,८६** | **३३,३७,४३,७७** | **१४,४५,४७,०३** | **२८,९०,९४,०६** | **१४,४५,४७,०३** |
| **विविध प्राप्ति** | **२४,७८,०८,८६** | **३३,३७,४३,७७** | **१४,४५,४७,०३** | **२८,९०,९४,०६** | **१४,४५,४७,०३** |
| **विविध प्राप्ति** | **१,४३,४४,०८** | **१,४३,३०,००** | **१,०९,९५,००** | **२,१९,९०,००** | **१,०९,९५,००** |
| बेरूजू | ३,७८,८२ | ६,५०,०० | ४,५०,०० | ९,००,०० | ४,५०,०० |
| निकासा फिर्ता | २,९३,८८ | १,८०,०० | ४५,०० | ९०,०० | ४५,०० |
| अनुदान फिर्ता | १,३६,७१,३८ | १,३५,००,०० | १,०५,००,०० | २,१०,००,०० | १,०५,००,०० |
| **नगद तथा मौज्दात** | **२३,३४,६४,७८** | **३१,९४,१३,७७** | **१३,३५,५२,०३** | **२६,७१,०४,०६** | **१३,३५,५२,०३** |
| गत वर्षको नगद मौज्दात | २३,३४,६४,७८ | ३१,९४,१३,७७ | १३,३५,५२,०३ | २६,७१,०४,०६ | १३,३५,५२,०३ |
| **वित्तीय सम्पत्ति** | **४,३८,४५** | **०** | **०** | **०** | **०** |
| **आन्तरिक वित्तीय सम्पत्ति** | **४,३८,४५** | **०** | **०** | **०** | **०** |
| **खूद ऋण लगानी** | **४,३८,४५** | **०** | **०** | **०** | **०** |
| संस्थानबाट ऋण लगानी फिर्ता (-) | ४,३८,४५ | ० | ० | ० | ० |
| **जम्मा ( राजस्व / प्राप्ति )** | **७२,५३,२७,१२** | **६९,६५,९६,३७** | **६२,७०,९०,७८** | **१,२५,४१,८१,५६** | **६२,७०,९०,७८** |
| **राजस्व बाँडफाँट** | | | | | |
| **प्रदेश सञ्चित कोषमा दाखिला हुने राजस्व** | **७२,५३,२७,१२** | **६९,६५,९६,३७** | **६२,७०,९०,७८** | **१,२५,४१,८१,५६** | **६२,७०,९०,७८** |

# कार्यगत व्यय अनुमान
## आर्थिक वर्ष २०८०/८१

अनुसूची - ३
(रु.हजारमा)

| शीर्षक | २०८०/८१ को लक्ष्य | | | कुल अनुमानको प्रतिशत |
|---|---|---|---|---|
| | जम्मा | प्रदेश | स्थानीय तह | |
| **सामान्य सार्वजनिक सेवा** | **१८,९५,५५,४३** | **११,३७,९८,४७** | **७,५७,४६,९६** | **३०.२३** |
| कार्यकारी र विधायिकाको निकाय,आर्थिक तथा वित्तिय र वैदेशिक मामिला | ३४,६० | ३४,६० | ० | |
| सामान्य सेवा | ५,७७,८४,८८ | ५,७७,८४,८८ | ० | |
| आधारभूत अनुसन्धान | २,९०,२३,४७ | २,९०,२३,४७ | ० | |
| सामान्य सार्वजनिक सेवामा अनुसन्धान तथा विकास | १५,०३,०० | १५,०३,०० | ० | |
| सामान्य सेवा - अन्यत्र वर्गीकृत नभएको | २,३४,५३,१८ | २,३४,५३,१८ | ० | |
| विभिन्न तहका सरकारहरु बीच हुने सामान्य प्रकृतिको हस्तान्तरण | ७,७७,४६,३० | १९,९९,३४ | ७,५७,४६,९६ | |
| **सार्वजनिक शान्ति सुरक्षा** | **५९,९३,४४** | **५९,९३,४४** | **०** | **०.९६** |
| न्यायालय | २,१३,६० | २,१३,६० | ० | |
| सार्वजनिक शान्ति सुरक्षामा अनुसन्धान तथा विकास | ५७,७९,८४ | ५७,७९,८४ | ० | |
| **आर्थिक मामिला** | **२७,९१,९२,०९** | **२७,९१,९२,०९** | **०** | **४४.५२** |
| सामान्य आर्थिक, व्यापारिक र श्रम मामिला | १२,०६,७५ | १२,०६,७५ | ० | |
| कृषि, वन , मत्स्यपालन तथा शिकार | ५,४३,१३,१४ | ५,४३,१३,१४ | ० | |
| इन्धन तथा उर्जा | १,४०,०० | १,४०,०० | ० | |
| खानी , उत्पादन तथा निर्माण | ७६,४६,०० | ७६,४६,०० | ० | |
| यातायात | १६,७२,७६,४८ | १६,७२,७६,४८ | ० | |
| संचार | ३,९८,८३ | ३,९८,८३ | ० | |
| अन्य उद्योगहरु | २,१२,१८ | २,१२,१८ | ० | |
| अनुसन्धान तथा विकास - आर्थिक मामिला | ८,७५,७७ | ८,७५,७७ | ० | |
| आर्थिक मामिला - अन्यत्र वर्गिकृत नभएको | ४,७१,२२,९४ | ४,७१,२२,९४ | ० | |
| **वातावरण संरक्षण** | **१,४९,५२,५५** | **१,४९,५२,५५** | **०** | **२.३८** |
| ढल व्यवस्थापन | १,०० | १,०० | ० | |
| जैविक विविधता र भू-संरक्षण | ८३,९८,०४ | ८३,९८,०४ | ० | |
| अनुसन्धान तथा विकास पर्यावरण संरक्षण | २९,३५,६३ | २९,३५,६३ | ० | |
| वातावरण संरक्षण - अन्यत्र वर्गिकृत नभएको | ३६,१७,८८ | ३६,१७,८८ | ० | |
| **आवास तथा सामुदायिक सुविधा** | **७,७८,८१,४१** | **७,७८,८१,४१** | **०** | **१२.४२** |
| आवास विकास | ४,२५,६२,५३ | ४,२५,६२,५३ | ० | |
| खानेपानी | ३,५३,१८,८८ | ३,५३,१८,८८ | ० | |
| **स्वास्थ्य** | **३,३३,८९,१९** | **३,३३,८९,१९** | **०** | **५.३२** |
| औषधी उत्पादन,उपकरण तथा औजार | १९,९४,०० | १९,९४,०० | ० | |
| वहिरंङ्ग सेवा | १०,६६,०० | १०,६६,०० | ० | |
| अस्पताल सेवा | १,९६,९४,५३ | १,९६,९४,५३ | ० | |
| सार्वजनिक स्वास्थ्य सेवा | १,०२,५२,६६ | १,०२,५२,६६ | ० | |
| स्वास्थ्यमा अनुसन्धान सेवा | ३,८२,०० | ३,८२,०० | ० | |
| **मनोरंजन,संस्कृति तथा धर्म** | **३३,७१,९१** | **३३,७१,९१** | **०** | **०.५४** |
| मनोरंजनात्मक र खेलकुद सेवाहरु | ३३,७१,९१ | ३३,७१,९१ | ० | |
| **शिक्षा** | **१,७७,६४,७६** | **१,७७,६४,७६** | **०** | **२.८३** |
| सीपमूलक | ५,३५,९७ | ५,३५,९७ | ० | |
| तहमा वर्गिकृत नहुने शिक्षा (अनौपचारिक शिक्षा) | १,११,८८,०० | १,११,८८,०० | ० | |
| शिक्षा - अन्यत्र वर्गिकृत नभएको | ६०,४०,७९ | ६०,४०,७९ | ० | |
| **सामाजिक सुरक्षा** | **५०,००,००** | **५०,००,००** | **०** | **०.८०** |
| सामाजिक सुरक्षा - अन्यत्र वर्गिकृत नभएको | ५०,००,०० | ५०,००,०० | ० | |
| **कुल जम्मा** | **६२,७०,९०,७८** | **५५,१३,४३,८२** | **७,५७,४६,९६** | **१००** |

# मन्त्रालयगत व्यय अनुमान (वित्तीय व्यवस्था सहित)
## आर्थिक वर्ष २०८०/८१

अनुसूची - ४
(रु.हजारमा)

| निकाय | कुल जम्मा | प्रदेश | | | स्थानीय तह | कुल अनुमानको प्रतिशत |
|---|---|---|---|---|---|---|
| | | जम्मा | चालु/पुँजीगत | वित्तीय | | |
| २०२ प्रदेश व्यवस्थापिका | ३३,५९,०९ | ३३,५९,०९ | ३३,५९,०९ | ० | ० | ०.५४ |
| २१० प्रदेश लोक सेवा आयोग | ११,१५,८७ | ११,१५,८७ | ११,१५,८७ | ० | ० | ०.१८ |
| २१६ मुख्य न्यायाधिवक्ताको कार्यालय | २,१३,६० | २,१३,६० | २,१३,६० | ० | ० | ०.०३ |
| ३०१ मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | २,१८,०४,९८ | २,१८,०४,९८ | २,१८,०४,९८ | ० | ० | ३.४८ |
| ३०५ आर्थिक मामिला तथा योजना मन्त्रालय | १२,९४,३८ | १२,९४,३८ | १२,९४,३८ | ० | ० | ०.२१ |
| ३१२ कृषि तथा पशुपन्छी विकास मन्त्रालय | ३,३८,०१,८१ | ३,३८,०१,८१ | ३,३८,०१,८१ | ० | ० | ५.३९ |
| ३१३ खानेपानी, ऊर्जा तथा सिँचाई मन्त्रालय | ७,४६,६४,०९ | ७,४६,६४,०९ | ७,४६,६४,०९ | ० | ० | ११.९१ |
| ३१४ आन्तरिक मामिला तथा कानून मन्त्रालय | ६१,७८,६७ | ६१,७८,६७ | ६१,७८,६७ | ० | ० | ०.९९ |
| ३२५ पर्यटन, उद्योग तथा सहकारी मन्त्रालय | २,१६,४३,३५ | २,१६,४३,३५ | २,१६,४३,३५ | ० | ० | ३.४५ |
| ३२९ वन तथा वातावरण मन्त्रालय | ३,०३,२३,३८ | ३,०३,२३,३८ | ३,०३,२३,३८ | ० | ० | ४.८४ |
| ३३७ भौतिक पूर्वाधार विकास मन्त्रालय | २१,६६,८०,०१ | २१,६६,८०,०१ | २१,६६,८०,०१ | ० | ० | ३४.५५ |
| ३५० सामाजिक विकास मन्त्रालय | ४,००,६२,१७ | ४,००,६२,१७ | ४,००,६२,१७ | ० | ० | ६.३९ |
| ३७० स्वास्थ्य मन्त्रालय | ४,०७,४२,२५ | ४,०७,४२,२५ | ४,०७,४२,२५ | ० | ० | ६.५० |
| ३७१ श्रम, रोजगार तथा यातायात मन्त्रालय | ७७,०६,२४ | ७७,०६,२४ | ७७,०६,२४ | ० | ० | १.२३ |
| ३९१ प्रदेश नीति तथा योजना आयोग | ४,६२,३३ | ४,६२,३३ | ४,६२,३३ | ० | ० | ०.०७ |
| ५०१ वित्तिय व्यवस्था तथा शेयर लगानी | ५०,००,०० | ५०,००,०० | ० | ५०,००,०० | ० | ०.८० |
| ६०१ कर्मचारी सुविधा तथा सेवानिवृत्त सुविधा | ४९,६० | ४९,६० | ४९,६० | ० | ० | ०.०१ |
| ६०२ अर्थ - विविध | ४,६२,४२,०० | ४,६२,४२,०० | ४,६२,४२,०० | ० | ० | ७.३७ |
| ८०१ स्थानीय तह | ७,५७,४६,९६ | ० | ० | ० | ७,५७,४६,९६ | १२.०८ |
| कुल जम्मा | ६२,७०,९०,७८ | ५५,१३,४३,८२ | ५४,६३,४३,८२ | ५०,००,०० | ७,५७,४६,९६ | १०० |

# खर्च शीर्षकगत व्यय अनुमान

## आर्थिक वर्ष २०८०/८१

अनुसूची - ५
(रु.हजारमा)

| खर्च संकेत नं. | खर्च शीर्षक | नगद | | कुल जम्मा |
|---|---|---|---|---|
| | | प्रदेश सरकार | संघ अनुदान | |
| चालु | | २१,५१,५०,२७ | ४,६४,२७,४२ | २६,१५,७७,६९ |
| **२११००** | **पारिश्रमिक / सुविधा** | **३,२५,३५,२१** | **५५,२४,१६** | **३,८०,५९,३७** |
| २११११ | पारिश्रमिक कर्मचारी | २,६७,३५,४० | ४७,५४,९१ | ३,१४,९०,३१ |
| २१११२ | पारिश्रमिक पदाधिकारी | १२,७७,०७ | ० | १२,७७,०७ |
| २११२१ | पोशाक | ४,५२,६० | २,७४,०० | ७,२६,६० |
| २११२२ | खाद्यान्न | ८,४६,०३ | ९९,८४ | ९,४५,८७ |
| २११२३ | औषधी उपचार खर्च | ० | ५० | ५० |
| २११३१ | स्थानीय भत्ता | ६३,५५ | १६,२८ | ७९,८३ |
| २११३२ | महंगी भत्ता | १०,४१,१४ | १,५५,७६ | ११,९६,९० |
| २११३४ | कर्मचारीको बैठक भत्ता | ३,३१,३३ | ६३,२२ | ३,९४,५५ |
| २११३५ | कर्मचारी प्रोत्साहन तथा पुरस्कार | १,०० | २,५० | ३,५० |
| २११३९ | अन्य भत्ता | ४,३७,५५ | ५,८५ | ४,४३,४० |
| २११४१ | पदाधिकारी बैठक भत्ता | २,२१,१९ | ० | २,२१,१९ |
| २११४२ | पदाधिकारी अन्य सुविधा | ११,२८,३५ | ० | ११,२८,३५ |
| २११४९ | पदाधिकारी अन्य भत्ता | ० | १,५१,३० | १,५१,३० |
| **२१२००** | **कर्मचारीको सामाजिक सुरक्षा खर्च** | **२,७७,३९** | **५,५५** | **२,८२,९४** |
| २१२१२ | योगदानमा आधारित निवृतभरण तथा उपदान कोष खर्च | ८२,६८ | ० | ८२,६८ |
| २१२१३ | योगदानमा आधारित बीमा कोष खर्च | १,९४,७१ | ५,५५ | २,००,२६ |
| **२२१००** | **सेवा महसुल** | **१३,३३,५८** | **१,५८,६६** | **१४,९२,२४** |
| २२१११ | पानी तथा विजुली | ८,७१,६८ | १,१२,३८ | ९,८४,०६ |
| २२११२ | संचार महसुल | ४,६१,९० | ४२,२८ | ५,०४,१८ |
| २२११३ | सार्वजनिक उपयोगिताको सेवा खर्च | ० | ४,०० | ४,०० |
| **२२२००** | **पूँजीगत सम्पत्तिको संचालन र सम्भार खर्च** | **३७,८१,५३** | **२,३६,३०** | **४०,१७,८३** |
| २२२११ | इन्धन (पदाधिकारी) | २,०१,७३ | १,७५ | २,०३,४८ |
| २२२१२ | इन्धन (कार्यालय प्रयोजन) | ११,७४,७८ | ७६,२५ | १२,५१,०३ |
| २२२१३ | सवारी साधन मर्मत खर्च | १०,८९,३८ | ३९,९० | ११,२९,२८ |
| २२२१४ | विमा तथा नवीकरण खर्च | ३,४१,१५ | २१,९० | ३,६३,०५ |
| २२२२१ | मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च | ३,३७,२४ | ३१,८० | ३,६९,०४ |
| २२२३१ | निर्मित सार्वजनिक सम्पत्तिको मर्मत सम्भार खर्च | ५,५६,१० | ५०,८० | ६,०६,९० |
| २२२९१ | अन्य सम्पत्तिहरूको संचालन तथा सम्भार खर्च | ८१,१५ | १३,९० | ९५,०५ |
| **२२३००** | **कार्यालय सामान तथा सेवाहरू** | **३१,३६,८९** | **७,९१,३६** | **३९,२८,२५** |
| २२३११ | मसलन्द तथा कार्यालय सामाग्री | १९,७३,३८ | ९४,२४ | २०,६७,६२ |
| २२३१२ | पशुपंक्षीहरूको आहार | १,६२ | ९,०० | १०,६२ |
| २२३१३ | पुस्तक तथा सामग्री खर्च | ४८,३५ | ४,७३,९० | ५,२२,२५ |
| २२३१४ | इन्धन - अन्य प्रयोजन | १,५४,९४ | २०,४६ | १,७५,४० |
| २२३१५ | पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च | ८,७७,९८ | १,४७,९६ | १०,२५,९४ |
| २२३१९ | अन्य कार्यालय संचालन खर्च | ८०,६२ | ४५,८० | १,२६,४२ |
| **२२४००** | **सेवा तथा परामर्श खर्च** | **१,०२,४३,०१** | **११,७७,२५** | **१,१४,२०,२६** |
| २२४११ | सेवा र परामर्श खर्च | ८,३९,३९ | ० | ८,३९,३९ |
| २२४१२ | सूचना प्रणाली तथा सफ्टवेयर संचालन खर्च | ७३,९५ | १,३२,१८ | २,०६,१३ |
| २२४१३ | करार सेवा शुल्क | ९१,२०,६१ | ७,५७,०७ | ९८,७७,६८ |
| २२४१९ | अन्य सेवा शुल्क | २,०९,०६ | २,८८,०० | ४,९७,०६ |
| **२२५००** | **कार्यक्रम सम्बन्धी खर्चहरू** | **५,५१,७५,४७** | **१,६९,५४,३३** | **७,२१,२९,८०** |
| २२५११ | कर्मचारी तालिम खर्च | ५,०९,४७ | ३,५१,६३ | ८,६१,१० |
| २२५१२ | सीप विकास तथा जनचेतना तालिम तथा गोष्ठी सम्बन्धी खर्च | २८,५०,१५ | १८,९० | २८,६९,०५ |
| २२५२१ | उत्पादन सामग्री / सेवा खर्च | ८,७०,३९ | २,०० | ८,७२,३९ |
| २२५२२ | कार्यक्रम खर्च | ४,९४,९०,७१ | १,६५,७३,२० | ६,६०,६३,९१ |
| २२५२९ | विविध कार्यक्रम खर्च | १४,५४,७५ | ८,६० | १४,६३,३५ |
| **२२६००** | **अनुगमन,मूल्यांकन र भ्रमण खर्च** | **१४,१५,४९** | **२,००,९७** | **१६,१६,४६** |
| २२६११ | अनुगमन, मूल्यांकन खर्च | १०,७६,२२ | १,६४,८७ | १२,४१,०९ |
| २२६१२ | भ्रमण खर्च | ३,०४,७७ | ३६,१० | ३,४०,८७ |
| २२६१३ | विशिष्ट व्यक्ति तथा प्रतिनिधि मण्डलको भ्रमण खर्च | ३४,५० | ० | ३४,५० |
| **२२७००** | **विविध खर्च** | **११,६९,०८** | **३७,०४** | **१२,०६,१२** |
| २२७११ | विविध खर्च | ११,६९,०८ | ३७,०४ | १२,०६,१२ |
| **२३१००** | **स्थिर सम्पत्ति उपभोग खर्च** | **०** | **२,००** | **२,००** |
| २३१११ | स्थिर सम्पत्तिमा ह्रास कट्टी | ० | २,०० | २,०० |

| खर्च संकेत नं. | खर्च शीर्षक | नगद | | कुल जम्मा |
|---|---|---|---|---|
| | | प्रदेश सरकार | संघ अनुदान | |
| **२६३००** | **अन्य तहका सरकारहरूलाई अनुदान** | **७,०२,९६,९६** | **०** | **७,०२,९६,९६** |
| २६३३१ | समानिकरण अनुदान | १,६६,२५,०० | ० | १,६६,२५,०० |
| २६३३२ | शसर्त अनुदान | २,२७,९२,९६ | ० | २,२७,९२,९६ |
| २६३३३ | विषेश अनुदान | ७३,७२,०० | ० | ७३,७२,०० |
| २६३३४ | समपुरक अनुदान | २,३५,०७,०० | ० | २,३५,०७,०० |
| **२६४००** | **सामाजिक सेवा अनुदान** | **१,७५,३३,५६** | **७,८०,००** | **१,८३,१३,५६** |
| २६४१२ | सरकारी निकाय, समिति एवं बोर्डहरूलाई स:सर्त चालु अनुदान | ३२,४७,३६ | ७,८०,०० | ४०,२७,३६ |
| २६४१३ | अन्य संस्थालाई अनुदान' स:शर्त | १०,८२,०० | ० | १०,८२,०० |
| २६४२१ | सरकारी निकाय, समिति, वोर्ड — पुँजीगत नि:शर्त अनुदान | १५,००,०० | ० | १५,००,०० |
| २६४२२ | सरकारी निकाय, समिति, वोर्ड — पुजिगत स:शर्त अनुदान | १,०१,९३,०० | ० | १,०१,९३,०० |
| २६४२३ | अन्य संस्थालाई स:शर्त पुँजीगत अनुदान | १५,११,२० | ० | १५,११,२० |
| **२७१००** | **सामाजिक सुरक्षा** | **६,४०,५०** | **१३,००** | **६,५३,५०** |
| २७१११ | सामाजिक सुरक्षा | ५,२५,०० | ० | ५,२५,०० |
| २७११२ | अन्य सामाजिक सुरक्षा | १,१५,५० | १३,०० | १,२८,५० |
| **२७२००** | **सामाजिक सहायता** | **१६,९६,५३** | **४,७३,३०** | **२१,६९,८३** |
| २७२११ | छात्रवृत्ति | १,६४,६२ | ४,०५,६० | ५,७०,२२ |
| २७२१२ | उद्दार, राहत तथा पुनर्स्थापना खर्च | ५०,०० | ० | ५०,०० |
| २७२१३ | औषधी खरिद खर्च | १४,८१,९१ | ६७,७० | १५,४९,६१ |
| **२७३००** | **कर्मचारी सामाजिक लाभ सम्बन्धि खर्च** | **४९,६०** | **०** | **४९,६०** |
| २७३११ | निवृत्ति भरण तथा अशक्त वृत्ति | १५,०० | ० | १५,०० |
| २७३१३ | सेवा निवृत्तको संचित विदा | १२,६० | ० | १२,६० |
| २७३१४ | सेवा निवृत्तको औषधी उपचार | १२,०० | ० | १२,०० |
| २७३१५ | मृत कर्मचारीको सुविधा तथा सहायता | १०,०० | ० | १०,०० |
| **२८१००** | **सम्पत्ति सम्वन्धी खर्च** | **१०,८७,४७** | **७३,५०** | **११,६०,९७** |
| २८१४१ | जग्गाको भाडा | १९,९० | १५,१२ | ३५,०२ |
| २८१४२ | घर भाडा | १०,५२,५७ | ५५,८८ | ११,०८,४५ |
| २८१४३ | सवारी साधन तथा मेशिनर औजार भाडा | १५,०० | २,५० | १७,५० |
| **२८२००** | **फिर्ता खर्च** | **२२,००** | **०** | **२२,००** |
| २८२११ | राजस्व फिर्ता | २०,०० | ० | २०,०० |
